किशोरकिशोरीको समग्र विकासका लागि

किशोर किशोरी भए दक्ष, बन्छ देशको भविष्य

# रूपान्तरण

सहजकर्ता तालिम पुस्तिका

खण्ड ११

# खर्च र बचत



# प्राक्कथन

नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका लागि उनीहरूको अधिकार र विकाससँग सम्बन्धित सवालहरूलाई आफ्ना नीति, योजना तथा कार्यक्रमहरूमा एकीकृत रुपमा समायोजन गर्दै विकास प्रक्रियाको मूलप्रवाहमा समाहित गर्ने पहल गरेको छ ।

किशोरावस्थामा आउने विभिन्न शारीरिक, मानसिक, बौद्धिक र सामाजिक परिवर्तनहरूलाई बुझ्न नसक्दा र यस्ता परिवर्तनहरूमा अभिभावकहरूको उचित साथ र सहयोग नपाउँदा किशोरकिशोरीले विभिन्न जोखिमपूर्ण र संवेदनशील परिस्थितिको सामना गर्न बाध्य हुनुपर्दछ । अर्कातिर, समाजमा विद्यमान गलत धारणा, परम्परा, मूल्यमान्यता र सोचाइले किशोरकिशोरीको समग्र विकासमा असर पुऱ्याएको पाइन्छ । यिनै चुनौतीहरूलाई मध्यनजर गरी नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका निम्ति आवश्यक सवालहरूलाई सम्बोधन गर्दै उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धनका लागि "किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना २०७०/७१-२०७४/७५" तयार गरी, सो कार्ययोजनाको कार्यान्वयन अगाडि बढाएको छ । उक्त कार्ययोजनामा समावेश गरिएका विभिन्न सवालहरूमा किशोरकिशोरीको ज्ञान र सिप अभिवृद्धि गर्ने उद्देश्य अनुरुप "रूपान्तरण" तालिम पुस्तिका तयार गरिएको हो ।

यस तालिम पुस्तिकामा स्वस्थ र सुरक्षित वातावरण, शिक्षा र सीप, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण, नागरिक संलग्नता र सहभागिता, लैङ्गिक समता र सामाजिक समावेशीकरण जस्ता कार्ययोजनाले महत्त्वपूर्ण ठानेका सवालहरूलाई समावेश गरिएको छ । १०-१४ बर्ष र १५-१९ वर्षका किशोरकिशोरीमा आउने फरक परिवर्तनहरूलाई ध्यान दिँदै तालिमका सत्र तथा मुख्य सन्देशहरू तयार गरिएका छन् । त्यसैगरी किशोरकिशोरीको विकासका लागि समुचित वातावरण तयार गर्न अभिभावकहरूको महत्त्वपूर्ण भूमिका हुने भएकाले अभिभावकहरूका लागि पनि छुट्टै तालिम पुस्तिका तयार गरिएको छ ।

"रूपान्तरण"ले किशोरकिशोरीको स्थितिमा सकारात्मक परिवर्तन ल्याउन सक्ने अपेक्षा सहित यसलाई राष्ट्रिय कार्ययोजना कार्यान्वयनको एउटा अंशको रुपमा लिइएको छ ।

तालिम पुस्तिका तयारीका क्रममा किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजनाले पहिचान गरेका सवालहरूलाई आत्मसात् गर्दै उनीहरूको विकासका लागि तयार गरिएका विभिन्न स्रोत सामग्रीहरू, तालिम निर्देशिकाहरू, प्रतिवेदन आदिको सङ्कलन, अध्ययन तथा विश्लेषण गरिएको थियो । किशोरकिशोरीका सवालहरू, अपेक्षाहरू र उनीहरूले रुचाउने सिकाइ विधिहरूको पहिचानका लागि अछाम, सप्तरी र दोलखाका किशोरकिशोरी तथा सरोकारवालाहरूसँग परामर्श गरिएको थियो । बिषयगत प्राविधिक विशेषज्ञहरूसँग सल्लाह तथा सुझाव लिइएको थियो । यसरी तयार गरिएको तालिम पुस्तिकाको खाकालाई अछाम र सप्तरी जिल्लाका किशोरकिशोरी र अभिभावकहरूसँग पूर्व परीक्षण गरी अन्तिम रुप दिइएको थियो ।

"रूपान्तरण" तालिम पुस्तिका तयारीका लागि अग्रसरता देखाउने सम्बन्धित मन्त्रालयका पदाधिकारीहरू, आर्थिक तथा भौतिक सहयोग गर्ने संयुक्त राष्ट्र बाल कोष (UNICEF) तथा संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA), तालिम पुस्तिका तयारी गर्ने संस्थाहरू रेस्टलेस डेभलपमेन्ट, सिविन नेपाल र रिन्युएबल वर्ल्ड, तालिम पुस्तिकालाई अछाम र सप्तरीका किशोरकिशोरी र अभिभावक बिचमा पूर्व परीक्षण गरी महत्त्वपूर्ण सुझावहरू सङ्कलन गर्ने सम्झौता नेपाल र वाइ पियर नेपाल प्रति नेपाल सरकार आभार प्रकट गर्दछ । तालिम पुस्तिका तयार गर्ने क्रममा सेभ द चिल्ड्रेन नेपालले दिएको सल्लाह र सुझाव तथा यस पुस्तिकाको पूर्व परीक्षणका लागि गरेको महत्त्वपूर्ण सहयोग सराहनीय छ ।

त्यस्तै यो तालिम पुस्तिका लेखन तथा सम्पादनमा संलग्न व्यक्तित्वहरू, निर्माणका क्रममा सरसल्लाह तथा सुझाव दिनुहुने संस्थाहरू, किशोरकिशोरीहरू, शिक्षक तथा अभिभावकहरू धन्यबादका पात्र हुनुहुन्छ ।

तालिम पुस्तिकाको प्रभावकारी कार्यान्वयनले किशोरकिशोरीको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा, नेपाल सरकार यस पुस्तिकाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरकारी र स्थानीय निकाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू र नागरिक समाजसँग हार्दिक आग्रह गर्दछ ।

धन्यवाद ।

**चुडामणि पौडेल**
सह सचिव,
युवा तथा खेलकुद मन्त्रालय

**कृष्ण प्रसाद पौड्याल**
महानिर्देशक
महिला तथा बालबालिका विभाग

# परिचय :

मानिसको जीवनयापनका लागि पैसा एक महत्त्वपूर्ण माध्यम हो । आधारभूत आवश्यकताको परिपूर्तिका लागि पैसा चाहिन्छ । परापूर्वकालमा जस्तो वस्तुसँग वस्तु साटासाट गर्ने संस्कृति आधुनिक युगमा व्यवहारमा छैन र सम्भव पनि हुँदैन । त्यसैले पैसाको उचित व्यवस्थापन गर्न सकेमा मात्र व्यक्तिको दैनिक जीवनयापन सहज हुन्छ र सोचेको लक्ष्य प्राप्त गर्न सजिलो हुन्छ । पैसा कमाउनु एउटा प्रमुख विषय त हो तर कमाउनु भन्दा बचत गर्नु चाहिँ अझ बढी महत्त्वपूर्ण हुन्छ । कमाएर मात्र हुँदैन, बचत कति भयो भन्ने विषयले व्यक्तिको आम्दानीको अर्थ राख्दछ ।

पैसा बचत गर्ने कार्य सबैका लागि सहज नहुन पनि सक्दछ । कतिपय मानिसको आम्दानीको तुलनामा खर्च बढी वा आम्दानी र खर्च बराबरीको अवस्था पनि हुन सक्दछ । जे जस्तो अवस्था भएपनि सबैले केही न केही रूपमा पैसालाई बचत गर्ने प्रयत्न गरिरहेका हुन्छन् । साधारणतया बचत गर्ने भनेको आफूसँग भएको आयबाट आफ्नो र परिवारको आवश्यकता परिपूर्ति गरी अर्थात् खर्च घटाई बाँकी रहेको रकम नै बचत हो । बचतलाई वृद्धि गरिराख्नका लागि विभिन्न तत्त्वहरूले असर पारिरहेका हुन्छन् । बचत गर्ने बानीको विकास गर्न सकेमा मात्र बचत रकममा वृद्धि गर्न सकिन्छ । बचत पैसाको मात्र हुँदैन । विभिन्न प्राकृतिक स्रोत र साधनहरूको मितव्ययी तरिकाले प्रयोग गर्ने बानीले पनि ती स्रोतहरूको बचत गर्न सहयोग गर्दछ । उपलब्ध स्रोत साधनहरूको मितव्ययी प्रयोग र संरक्षणले बचतलाई मद्दत गर्दछ ।

सबैका लागि बचत गर्ने सीप आवश्यक पर्दछ । बचत गर्ने सीपले पैसासँगै अन्य विभिन्न स्रोत साधनहरूको पनि बचत गर्न सकिन्छ भनी सिकाउँछ । विभिन्न स्रोतहरूको मितव्ययी किसिमबाट प्रयोग गर्नका लागि चाहिने योजना र व्यवस्थापन जस्ता व्यावहारिक ज्ञान तथा सीप पनि सँगसँगै सिक्न आवश्यक छ । खर्च र बचत सम्बन्धी योजना तथा व्यवस्थापन सीपले व्यक्तिमा बचत गर्ने योजना तथा मितव्ययी व्यवहारको विकास गराउँछ ।

बचत र खर्च खण्ड अन्तर्गत तिनवटा सत्रहरू रहेका छन् । ती सत्रहरूमा खर्च र बचत, विवेकशील बचतकर्ता र बचत व्यवस्थापनसँग सम्बन्धित विषयहरू समावेश गरिएका छन् ।

# सत्र सूची


| | | |
|---|---|---|
| सत्र ११.१: | खर्च र बचत | ४ |
| सत्र ११.२: | विवेकशील बचतकर्ता | १६ |
| सत्र ११.३: | बचत व्यवस्थापन | २८ |

# सत्र ११.१ खर्च र बचत

## उद्देश्य :

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- अति आवश्यक र कम आवश्यक खर्चको प्राथमिकीकरण गर्न सक्नेछन् ।
- व्यक्तिगत बजेट निर्माण गरी प्रस्तुत गर्न सक्नेछन् ।
- बचतबाट हुने फाइदा बताउन सक्नेछन् ।
- बचत र खर्च गर्ने राम्रा र नराम्रा बानी छुट्याउन सक्नेछन् ।

## समय :

२ घण्टा ३० मिनेट

## आवश्यक सामग्रीहरू :

- कैंची, मास्किङ टेप, विभिन्न रङका साइनपेन, मार्कर पेन, कागजका टुक्रा, न्युजप्रिन्ट, गम वा टेप ।
- दुई रङका खाली मेटाकार्डहरू (एउटा रङको कार्डमा "आय" र अर्को रङको कार्डमा "व्यय" लेखिएको) ।
- चारवटा रु. २ का सिक्काहरू (रु. २ को सिक्का नपाइएमा कुनै पनि सिक्का खेलमा प्रयोग गर्न सकिने छ ।)
- चारवटा गोटीहरू (गोटीको रूपमा विभिन्न रङका टाँक, साना साना विभिन्न आकारका ढुङ्गा अथवा मकैका गेडाहरू प्रयोग गर्न सकिने छ ।)

## पूर्व तयारी :

- घटना अध्ययन नम्बर ११.१ को चारप्रति
- तालिका नं. ११.२ को "व्यक्तिगत बजेट योजना" को चारप्रति र आवश्यक कागजका टुक्राहरू
- तालिका नं. ११.३ को "नागपास" खेलको चारप्रति
- चारवटा रु. २ का सिक्काहरू वा अन्य सिक्काहरू
- चारवटा गोटीहरू (गोटीको रूपमा विभिन्न रङका टाँक, साना विभिन्न आकारका ढुङ्गा अथवा मकैका गेडाहरू मध्ये कुनै एक प्रकारको हुने गरी प्रत्येक सहभागीलाई फरक फरक गोटी हुनुपर्दछ ।)

(नोटः सहभागीहरूसँग अभ्यास पुस्तिका नभएको अवस्थामा र तालिम सामग्री नभएमा यस सत्रमा आवश्यक पर्ने सामग्री र पूर्व तयारीका आवश्यक सामग्रीहरू यस तालिम पुस्तिकामा भनिए बमोजिम पूर्व तयारी गर्नुपर्दछ ।)

## विधि :

घटना अध्ययन, मस्तिष्क मन्थन, नागपास खेल, समूह छलफल र प्रस्तुति ।

१० मिनेट

## अघिल्लो सत्रको पुनारावलोकन

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ वर्ष उमेर समूहका लागि

४० मिनेट

# क्रियाकलाप १ :
# आवश्यकता र चाहना

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
अति आवश्यक र कम आवश्यक खर्चको प्राथमिकीकरण गर्न सक्नेछन् ।

**विधि :** घटना अध्ययन

**आवश्यक सामग्री :** सल्माको आवश्यकता र चाहना कथा

क) सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने ।

ख) प्रत्येक समूहबाट एक एकजना स्वयम्सेवक छान्न लगाई घटना अध्ययन नं. ११.१ को **"सल्माको आवश्यकता र चाहना"** कथा स्वयम्सेवकहरूलाई दिने ।

ग) प्रत्येक स्वयम्सेवकहरूलाई दिइएको घटना अध्ययन आफ्नो समूहका साथीहरूको समूहमा सबैले बुझ्ने गरी ठुलो स्वरमा पढ्न लगाउने ।



## घटना अध्ययन ११.१

### सल्माको आवश्यकता र चाहना



सल्मा १८ वर्षकी भइन् । उनी साधारण परिवारकी छोरी हुन् । उनी आमा र भाइसँगै बस्दै आएकी छिन् । उनकी जेठी दिदी बेगमको विवाह भइसकेको छ । वेगमले स्वस्थ शिशुको जन्म दिएको केही हप्ता मात्र भएको छ । भतिजी जन्मेको खबर पाएदेखि नै सल्मालाई भतिजी हेर्न र दिदीलाई सहयोग गर्नका लागि छिट्टै दिदीको घर जान इच्छा लागेको छ । दिदीको घर पुग्नका लागि सल्मालाई आफ्नो घरबाट ४ घण्टाको बस यात्रा गर्नु पर्दथ्यो । यदि उनीसँग मोबाइल फोन भएको भए अहिले नै दिदीसँग मनका कुराहरू गर्थें भनी सोच्छिन् । त्यसैले उनले मोबाइल किन्ने चाहना पनि गरिन् । दिदीको घर जानका लागि सल्मालाई बस भाडा र भतिजीलाई सानो खेलौनाका लागि पैसाको आवश्यकता परेको छ । सानी भतिजीलाई राम्रो लुगा लगेर लगाइदिन पाए उनी राम्री देखिन्थिन् भन्ने पनि लागेको छ । यी सबै खर्चका लागि आफ्नो बैङ्कको बचत खाताबाट पैसा निकाल्न सल्मा चाहन्नन् किनकि उनले बचत गरेको सो रकमबाट उनी एउटा किराना पसल चलाउने सोचमा छिन् । सल्मालाई आफूले काम गरिरहेको कुखुरा फर्ममा सधैं गर्ने भन्दा थप केही घण्टा काम गरेमा त्यसबाट कमाएको अतिरिक्त रकमबाट अहिले आवश्यक परेको खर्चका लागि पैसा जुटाउन सजिलो हुनेछ भन्ने लागेको छ ।

*© 2013 The Population Council, Inc Dream Big! Kwacha for Our Future - Financial Education Curriculum*




१) सल्माका आवश्यकता र इच्छाहरू के के छन् ?

२) सल्माले आवश्यकता र इच्छालाई कसरी प्राप्त गर्ने सोच बनाएकी छिन् ?

३) सल्माले भविष्यको कुन उद्देश्यका लागि बचत गरिरहेकी छिन् ?

४) सल्माको कुन चाहिँ आवश्यकता तत्कालै पूरा हुने देखिन्छ ?

५) तपाईंहरूले पनि आफ्ना आवश्यकता र इच्छालाई छुट्याएर आवश्यकताहरू पूरा गर्ने सोच राख्नु भएको छ ?

**निष्कर्ष :**

- प्रत्येक व्यक्तिको आवश्यकता र इच्छा फरक फरक हुन्छ । आवश्यकता र इच्छाबिच फरक छुट्याएर खर्च गर्ने बानी विकास गर्न सके बचतमा वृद्धि हुन्छ र आफ्नो उद्देश्य प्राप्त गर्न सजिलो हुन्छ । आवश्यकता र इच्छा एउटै होइनन् । आवश्यकता जहिले पनि तत्काल पूरा गर्नु पर्दछ ।

१०-१९ वर्ष
उमेर समूहका लागि

# क्रियाकलाप २ :
# आम्दानी र खर्च

Aflaton-Aflateen Manual - www.aflatounworld.org



४० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
- व्यक्तिगत बजेट निर्माण गरी प्रस्तुत गर्न सक्नेछन् ।
- बचतबाट हुने फाइदा बताउन सक्नेछन् ।

**विधि :** खेल, समूह कार्य

**आवश्यक सामग्री :** न्युजप्रिन्ट, विभिन्न रङका साइन पेनहरू, खाली कागजका टुक्राहरू, मास्किङ टेप, गम, फरक रङका मेटाकार्ड, व्यक्तिगत नमुना बजेट फाराम

**खेल सुरु हुनु पूर्व सहजकर्ताले सहभागीहरूलाई निम्न कुराहरू बताउने :**

क) यो क्रियाकलापले सहभागीहरूलाई व्यक्तिगत आय र सम्भावित खर्चको विवरण तयार गर्न सिकाउने छ भनी बुझाउने र खेल सुरु गर्ने ।

ख) पैसा प्राप्त गर्नु आम्दानी हो । यो आम्दानी कसरी वा कहाँबाट आएको हो खुलाउनु पर्दछ र पैसा खर्च भएकामा खर्च शीर्षक अन्तर्गत केमा खर्च गरेको हो भनी खुलाउनु पर्दछ । यसका लागि अङ्कमा रकम लेख्नुपर्दैन भन्ने कुरा बताउने ।

## चरण १

१. खेल सुरु गर्नका लागि सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने ।

२. हरेक समूहलाई न्युज प्रिन्ट र विभिन्न रङका साइन पेनहरू दिने । (विभिन्न रङका कलम नभएमा एउटै रङको कलम प्रयोग गर्न सकिन्छ ।)



३. हरेक समूहलाई एकजना किशोर वा किशोरीको चित्र कोर्न १५ मिनेटको समय दिने र निम्न कुराहरू खुलाउन भन्ने (नमुना चित्र नं. १ काल्पनिक किशोरको आम्दानी २ वटा शीर्षकमै हेर्न लगाउने) :

   क) बनाइएको किशोर वा किशोरीको चित्रको एक कुनामा नाम, उमेर र खास रुचिहरू लेख्न लगाउने ।

४. सबै समूहलाई पुग्ने गरी कम्तीमा १० वटा खाली कागजका टुक्राहरू र मास्किङ टेप वा गम दिने । सम्भव भएमा दुई रङका कागजका टुक्राहरू (उदाहरणका लागि यहाँ निलो रङको कार्डमा आम्दानी र सेतो रङको कार्डमा खर्च गरिएको क्रियाकलापको शीर्षक मात्र लेख्न लगाउने । यदि निलो र सेतो रङको कार्ड नभएमा कुनै पनि रङको कागजको टुक्रा प्रयोग गर्न सकिन्छ ।) दिने । दुई रङको कागज नभएमा उक्त चित्रको दायाँपट्टि आयको स्रोतहरू केबाट र के गर्दा आएको हो भनी खुलाउन लगाउने र बायाँपट्टि खर्च गरिएका शीर्षकहरू मात्र (के के काममा खर्च भएको छ तिनका शीर्षकहरू मात्र खुलाउन लगाउने) लेख्न लगाउने । *टुक्रा कागजहरू नभएको अवस्थामा न्युजप्रिन्टमा नै सो चित्रको दायाँ र बायाँ आय र व्ययका शीर्षकहरू लेख्न लगाउन सकिन्छ ।*

५. अब चित्रमा देखाइएका किशोर वा किशोरीका सम्भावित आयका स्रोतहरू के के हुन सक्छन् लेख्न लगाउने । उनीहरूलाई आफैंले सम्झेर लेख्नका लागि केही समय दिने । यदि उनीहरूले लेख्न नसकेमा उदाहरणका लागि जस्तैः "खाजाको पैसाबाट बचत, टीका लगाउँदा पाएको पैसा, उपहार र अन्य कमाइ" आदि जस्ता आय स्रोतहरू पनि हुन सक्छन् भनी बुझाउने । यस्ता आयहरूलाई दिइएको निलो रङको कागजमा लेख्न लगाई चित्रको दायाँपट्टि टाँस्न लगाउने ।

**नमुना चित्र नं. १**

नाम.......................................... उमेर.......... खास रुचि ..............................



**आम्दानीका शीर्षकहरू (आय)**

१) बुबाले खाजा खान दिएको पैसाबाट केही बचत ।

२) ट्युसन पढाएर कमाएको पैसा ।

३) आमाले तरकारी बेचेर दिनुभएको पैसा ।

४) मामाघर जाँदा मामा/माइजूले दिएको पैसा ।

५) स्कुलमा अतिरिक्त क्रियाकलापमा प्रथम भएर पाएको पुरस्कारबाट आएको पैसा ।

६) पुराना कापी र किताब बेचेर आएको पैसा ।

**खर्च (व्यय)का शीर्षकहरू:**

१) स्कुलका लागि कापी र कलम किनेको खर्च ।

२) कपाल काटेको खर्च ।

३) बजार जाँदा खाजा खाएको खर्च ।

४) आमा/बुबालाई टेलिफोन गर्दा लागेको खर्च ।

५) पिकनिक गएको खर्च ।

६) चकलेट खाएको खर्च ।

६. त्यसरी चित्रमा देखाइएका किशोर वा किशोरीले सम्भावित खर्चहरू के के शीर्षकमा गर्न सक्छन् वा खर्च हुन सक्छ भनी चित्रको दाँयापट्टि लेख्न लगाउने । यस्ता खर्चहरूलाई सेतो रङको कागजका टुक्रामा लेख्न लगाई चित्रको दायाँपट्टि टाँस्न लगाउने ।

७. सबै समूहले चित्रको दायाँ र बायाँ भागमा आय र व्ययका सूचीहरू तयार गरिसकेपछि पालैपालो प्रस्तुत गर्न लगाउने ।

८. समूहहरूको प्रस्तुतीकरणपछि निम्न प्रश्नहरू सोधी सामूहिक छलफल गर्न लगाउने :

- तपाईंले प्रस्तुत गर्नुभएका चित्रका किशोर वा किशोरीका यहाँ उल्लेख गरिएका बाहेक अन्य के के आयहरू हुन सक्छन् ?
- यहाँ उल्लेख गरिएका बाहेक अन्य खर्चहरू के के हुन सक्दछन् ?
- तपाईंले इच्छा गरेका लक्ष्यहरू प्राप्त गर्न सधैं तपाईंहरूसँग पर्याप्त पैसा पुग्छ ?

३५ मिनेट

## चरण २: व्यक्तिगत बजेट निर्माण *(Aflaton-Aflateen Manual - www.aflatounworld.org)*

व्यक्तिगत बजेट निर्माण गर्ने क्रममा सहजकर्ताले निम्न कुराहरूमा ध्यान दिई सहभागीहरूलाई बुझाउनु पर्दछ :




१. सहभागीहरूलाई खर्चको किसिम हेरी छुट्टा छुट्टै शीर्षकमा विभाजन गरी राख्न लगाउने । उदाहरणका लागि कपडा, जुत्ता, मञ्जन बुरुस, साबुन र सेनिटरी प्याड आदि लगायत सामानहरू एउटा शीर्षक अन्तर्गत आउँछन्, जुन व्यक्तिगत खर्चमा पर्दछन् । त्यसैगरी खेलकुदका सामग्री बल, भिडियो गेम, र सिनेमाको टिकट आदि “मनोरञ्जन” वर्गमा राखिन्छन् । किताब, कलम, कापी आदि “शैक्षिक सामग्री वा स्कुल खर्च अन्तर्गत” राखिन्छन् ।

| व्यक्तिगत खर्च | मनोरञ्जन खर्च | शैक्षिक सामग्री खर्च |
|---|---|---|
| कपडा, जुत्ता, मञ्जन, बुरुस, साबुन, सेनिटरी प्याड आदि चाहिने सामानहरू | खेलकुदका सामग्री बल, भिडियो गेम, र सिनेमाको टिकट | किताब, कलम र कापी |

२. बजेटले आय व्यय, बचत तथा बढी खर्चको अवस्था देखाउने हुनाले तलका उदाहरणहरू बुझाइदिने ।

### अवस्था १.

कुल आय सय रूपैयाँ भएको अवस्थामा कुल खर्च पचास रूपैयाँ भएमा कुल आयबाट कुल खर्च घटाई बाँकी रहेको पचास रूपैयाँ बचतको रूपमा बजेटमा देखिन आउँछ ।

**आम्दानी** १००
**खर्च** – ५०
**बचत** = ५०

### अवस्था २

कुल आय सय रूपैयाँ भएको अवस्थामा कुल खर्च एक सय दस रूपैयाँ भएमा कुल आयबाट कुल खर्च घटाई अपुग हुन आएको दस रूपैयाँ बराबरको बढी खर्चको रूपमा बजेटमा देखिन आउँछ जुन अरू कसैबाट सापट लिए बापत तिर्नु पर्ने हुन आउँछ । त्यसैले अर्को महिनामा कम खर्च गर्ने योजना बनाई बचतमा वृद्धि गर्नु पर्दछ ।

**आम्दानी** = रु. १००
**खर्च** = रु.– ११०
**अपुग रकम** = रु–१०

३. यस क्रियाकलापको चरण १ मा समूहहरूले तयार गरेको आय र व्ययको शीर्षकलाई आधार मानी आम्दानी र खर्चको हिसाब किताब तालिका नं. ११.२ "व्यक्तिगत नमुना बजेट" फाराममा रकम लेखी भर्न लगाउने । यस क्रममा आवश्यकता अनुसार प्रत्येक समूहमा गई बजेट फाराम भर्न सिकाउने ।

४. अभ्यास कार्य सकेपछि प्रत्येक समूहलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने ।

### सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू:

तालिका नं. ११.२ को नमुना बजेट प्रयोग गरी बजेट बनाउने तरिका सिकाउँदा यस नमुना फाराममा भएका विभिन्न शीर्षकहरूमध्ये सहभागीहरूलाई आवश्यक लागेका शीर्षक अन्तर्गत रकम राख्न सकिन्छ भनी बुझाइदिने । व्यक्तिगत बजेट बनाउँदा पनि सोही अनुरूपले बनाउने भनी सहभागीलाई बुझाइदिने ।

## **तालिका नं. ११.२** व्यक्तिगत नमुना बजेट

मितिः ......................... महिना .......... गते .......................साल

| आय (रकम भित्र) | रकम (रु.) | खर्च (रकम बाहिर) | रकम (रु.) |
|---|---|---|---|
| नियमित रूपमा आउने आयहरूः<br>१ तलब<br>२ अन्य आय भएको भए<br>(के बापत खुलाउनुहोस्)<br>● ...........................<br>● ........................... | | नियमित रूपमा हुने खर्चहरूः<br>१. बचत गर्ने (बैङ्क वा घरमा) बचतलाई तत्काल खर्चको रूपमा हेर्नुपर्छ ।<br>२. टेलिफोन<br>३. खाजा खर्च<br>४. यातायात<br>५. व्यक्तिगत सरसामान (दाह्री काट्ने, कपाल काट्ने वा स्यानिटरी प्याड)<br>६. घर खर्चका लागि दिएको रकम<br>७. घर भाडा<br>८. अन्य ....................................................<br>९. अन्य .................................................... | |
| आकस्मिक वा अनियमित आय | रकम (रु.) | आकस्मिक वा अनियमित तरिकाको खर्च | रकम (रु.) |

| | | | |
|---|---|---|---|
| ● उपहार<br>● चिठ्ठा<br>● पुरस्कार<br>● अन्य................<br>१) गत महिनाको बचत<br>२) ........................<br>३) ...................... | | ● सिनेमा हेर्न जाने<br>● बजार घुम्न जाने वा जाँदा<br>● उपहार दिँदा<br>● लुगा/जुत्ता<br>● औषधि उपचार<br>● पिकनिक/होटलमा खाँदा<br>● घर मर्मत वा अन्य सामग्री मर्मत वा अन्य मर्मत<br>● अन्य ......................... | |
| **(क) जम्मा कुल आय** | | **(ख) जम्मा कुल खर्च** | |
| **जम्मा बचत:** *बचत भन्नाले कुल आय (क) बाट कुल खर्च (ख) घटाएर बाँकी रकम* | | **जम्मा घाटा:** *घाटा भन्नाले आय भन्दा बढी खर्चको फरक रकम (जुन तिर्न पर्ने हुन्छ वा अर्को महिनामा कम गरी बचत वृद्धि गर्नु पर्दछ।) यो रकम ऋणात्मक (-) हुन्छ।* | |

**निष्कर्ष :**

- हामीले गरेका विभिन्न काम तथा क्रियाकलापबाट प्राप्त भएको रकमलाई आय भनिन्छ। जस्तै: बुबा आमाले दिनुभएको रूपैयाँ, मामाले टीका लगाएर दिनुभएको रूपैयाँ, अतिरिक्त क्रियाकलापबाट आएको रूपैयाँ आदि। हामीले आफ्नो काम गर्न वा आवश्यक परेको सामान किन्नका लागि दिएको रकमलाई नै खर्च भनिन्छ। जस्तै कापी कलम किन्न दिएको रकम खर्च हो। कुन कुन शीर्षकबाट कति पैसा आयो र कुन शीर्षकमा कति खर्च हुन्छ भनेर हिसाब राख्ने तालिकालाई बजेट भनिन्छ। कुनै पनि काम गर्नुभन्दा अगाडि बजेट बनाएर खर्च गरेमा बचत गर्न सजिलो हुन्छ।




# क्रियाकलाप ३:
# खर्च र बचत गर्ने असल बानी

२० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
बचत र खर्च गर्ने राम्रा र नराम्रा बानी छुट्याउन सक्नेछन्।

**विधि :** नागपास खेल

**आवश्यक सामग्री :** नागपास खेलका प्रतिहरू, २ रूपैयाँका सिक्काहरू

सहभागीहरूलाई यस खेलको माध्यमबाट आय वा बचतलाई कसरी सदुपयोग गर्नुपर्छ भनी ज्ञान दिन खोजिएको छ भन्ने कुरा बुझाई खेल सुरु गर्ने।

### यस खेलका चरणहरू :

१. सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने।

२. खेललाई सहजीकरण गर्न प्रत्येक समूहबाट एकजना स्वयम्सेवक छान्ने र खेल खेल्दा सो समूहका सबै सहभागीहरूलाई पालैपालो गोटी सार्नका लागि सहयोग गर्न लगाउने।

३. समूह विभाजन भएपछि प्रत्येक समूहका स्वयम्सेवकलाई खेल नम्बर ११.३ को "नागपास खेल"को एक एकप्रति दिने र एउटा २ रूपैयाँको सिक्का पनि दिने। समूहमा परेका सबै सहभागीहरूलाई पुग्ने गरी गोटी दिनुपर्ने।

४. खेल सुरु गर्ने सङ्केत पश्चात् प्रत्येक स्वयम्सेवकलाई नम्बर ११.३ को नागपास खेल समूहको बिचमा फैलाएर राख्ने र सिक्कालाई माथि हावामा फालेर आएको सङ्केतको आधारमा गोटीलाई सार्नु पर्ने बताउने ।

५. सहभागीहरूलाई तल लेखिएको यस खेलको नियम प्रस्ट बुझाइदिने र खेल सुरु गर्ने ।

## नागपास खेलको नियम

खेल खेल्नका लागि सबै समूहलाई १५ मिनेट समय दिने ।


- समूहमा परेका प्रत्येक सहभागीले यो खेल खेल्नु पर्दछ । प्रत्येक सहभागीको पालो आउँदा सिक्कालाई हावामा उफारेर आएको सङ्केतको आधारमा गोटी चाल्नु पर्दछ ।
- जुन समूह वा कोही एकजना सहभागी सबैभन्दा माथिको अन्तिम कोठामा पहिले पुग्छ सोही समूह वा सहभागी नै विजेता हुने कुरा बताइदिने ।
- खेलका लागि प्रत्येक समूहसँग एक एकवटा रु. २ का सिक्का हुनु पर्दछ । यो खेल खेल्दा सिक्काको दुई पाटामा हुने सङ्केत आएको आधारमा गोटीहरू सार्नुपर्ने हुन्छ । *त्यसैले भनिएको सिक्का नभएमा कुनै पनि सिक्कालाई प्रयोग गरी नियम अनुरूप खेलाउन सकिनेछ ।*

### सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू:

नागपास खेल खेलाउँदा रु. २ (दुई) को सिक्का नभएमा कुनै पनि सिक्कालाई प्रयोग गर्न सकिन्छ । तर सो सिक्काको दुई भागलाई छोप्ने गरी टेप वा कागज टाँस्नुपर्दछ । सो टाँसिएको टेप वा कागजमा 'सगरमाथा' र 'हलो जोतेको' शब्द लेखी नियम अनुरूप खेल सञ्चालन गर्नु पर्दछ । नेपालको रु २ को सिक्काको दुई पाटामा 'सगरमाथा र हलो जोतिरहेको' आकृति बाहेक अन्य सङ्केतहरू पनि छन् ।

- सहभागीले रु. २ को सिक्का माथि हावामा फाल्दा यदि सिक्कामा "हलो जोतिरहेको आकृति" आएमा प्रत्येक पटक दुईवटा कोठाको दरले गोटी अर्को कोठामा सार्न पाउनेछन् भनी बुझाउने ।
- यदि सो सिक्का हावामा फाल्दा 'सगरमाथा हिमाल' को आकृति आएमा एउटा कोठाको दरले गोटी सार्न सकिनेछ भनी बुझाउने ।
- तालिका नं. ११.३ को 'नागपास' खेलमा उल्लिखित कोठाहरूको क्रम नम्बर अनुसार गोटी सार्नु पर्ने नियम बुझाउने ।
- खेलको गोटी सार्ने क्रममा कोठाहरूमा भर्‍याङ अङ्कित सङ्केत आए सिधा भर्‍याङ चढी माथिको कोठामा गोटी सार्न पाउने बताइदिने ।
- गोटी सार्ने क्रममा आएका बक्सा भित्रका भनाइहरू खेल खेल्ने सहभागीले ठूलो स्वरले बुझ्ने गरी आफ्नो समूहमा बुझाइदिनुपर्ने हुन्छ । यी भनाइहरू खेलको क्रममा आउने भर्‍याङ चढ्दा सर्पले डस्ने कोठामा आउने गर्दछन् ।
- खेलको गोटी सार्ने क्रममा कोठामा यदि सर्पको टाउको अङ्कित सङ्केत आएमा सो सर्पले डस्ने हुँदा गोटीलाई त्यो सर्पको अन्तिम पुच्छर रहेको कोठामा तल सार्नुपर्ने हुन्छ र पुनः खेललाई निरन्तरता दिनुपर्ने हुन्छ भनी बुझाउने ।

## खेल नम्बर: ११.३ नागपास खेल



६. खेल सुरु भएको १५ मिनेट पछि खेल समाप्त गरी तलका प्रश्नहरूमा छलफल गराउने :

क) बचतका लागि पैसा कसरी प्राप्त गरिरहनु भएको छ ?

ख) तपाईंहरूले आम्दानी गर्नु भएको पैसालाई के के शीर्षकमा खर्च गर्दै आउनु भएको छ ?

ग) तपाईंले खर्च गर्नु भएको पैसा आवश्यकताका लागि हो कि चाहनाका लागि हो ? छुट्याएर खर्च गरिरहनु भएको छ ?

घ) तपाईं आफ्नो खर्च गर्ने बानीबाट सन्तुष्ट वा खुसी हुनुहुन्छ ?

## निष्कर्ष :

- हाम्रा आफ्नै कतिपय व्यवहार र खर्च गर्ने बानीले दैनिक बचत भइरहेको हुँदैन । भैपरी आउने घटनाहरूका लागि पैसा नभई हुँदैन । त्यसैले आवश्यकता र चाहना बिचको फरक बुझी के किन्नलाई पैसा खर्च गर्ने र केका लागि पैसा खर्च नगर्ने भन्ने विषयमा विवेकशील निर्णय लिनुपर्दछ । हामीसँग भएको पैसालाई आवश्यकता अनुसार मात्र खर्च गरी बाँकी पैसालाई बचाएर राख्ने कार्यलाई नै बचत भनिन्छ । हामीले आफ्नो काम सम्पन्न गर्न वा आवश्यक परेको सामान किन्नका लागि प्रयोग गरेको रकमलाई नै खर्च भनिन्छ, जस्तैः कापी कलम किन्दा पसलमा तिरेको रकम खर्च हो ।
- खर्च गर्ने बानी र व्यवहारमा सुधार गरेमा भौतिक वस्तुहरूको मात्र बचत नभई असल बानीको पनि विकास हुन्छ र पैसाको बचत गर्न सकिन्छ । यस्ता बानी व्यवहारले मानिसलाई खुसी बनाउँछ र आनन्दपूर्वक जीवन बिताउन सजिलो हुन्छ ।

५ मिनेट

## सिकाइ मापन

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के हुन् ?
- यो अभ्यासले तपाईंलाई व्यक्तिगत बजेट बनाउन कसरी सहयोग पुऱ्याउला ?



छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आउने ७ दिन भित्र के के गर्न सकिन्छ लेख्न लगाउने ।

# पाठ्य सामग्री

फरक फरक मान्छेहरूका फरक फरक आवश्यकता र इच्छाहरू हुन्छन् । स्वस्थ जीवनयापनका लागि गरिने क्रियाकलापहरू वा आवश्यक्ताको परिपूर्ति नै आवश्यक वस्तु वा सेवा हुन् । इच्छा भनेका ती चाहना वा क्रियाकलापहरू हुन् जसले क्षणिक आनन्द, लाभ, सन्तुष्टि वा खुसी बनाउँछन् । जसबाट दैनिक जीवनयापनका क्रियाकलापहरूमा खासै सम्बन्ध राख्दैन तर कुनै कुनै अवस्थाहरूमा स्थान विशेषले इच्छा गरिएको वस्तु नै अति आवश्यक पनि हुन जान्छ । जस्तै, गर्मी हुने तराई क्षेत्रमा बसोवास गर्ने मानिसहरूका लागि पङ्खा किन्नु इच्छा मात्र नभई महत्त्वपूर्ण आवश्यक्ता हुन सक्छ । पैसाको सही सदुपयोग गर्नु पूर्व वास्तविक आवश्यक्ता र चाहना बिचको फरक छुट्याई आवश्यक भएमा मात्र खर्च गर्नुपर्दछ । बचतलाई वृद्धि गर्नु भनेको खर्च गर्ने क्रियाकलापमा सही निर्णय गरेर जिम्मेवारपूर्ण खर्च गर्ने बानीलाई बुझाउँछ । कम खर्च गर्दाको अवस्थामा पनि कम बचत होला तर बचतको बानी विकास गर्दै गएमा त्यो व्यवहारमा परिणत हुन्छ । अहिलेको थोरै थोरै बचतले नै लामो समय पश्चात् सोचेको लक्ष्य प्राप्तिका लागि धेरै लाभ दिन सक्छ ।

वास्तवमा तिनवटै बचतका मुख्य शीर्षकहरू: १) व्यक्तिगत तथा पारिवारिक प्रयोजनको लागि, २) भैपरी आउने समस्याको समाधानको लागि र ३) भविष्यका अवसरहरूको प्रयोजनका लागि भनेर सबैमा एकै समयमा बचत गर्न गाऱ्हो हुन्छ । त्यसैले कहिलेकाहीँ महत्त्वपूर्ण आवश्यकताहरूको पहिचान गरी त्यसलाई पहिले परिपूर्तिको लागि पहिलो रोजाइका साथ बचत गर्ने बानी गर्नुपर्दछ भन्ने बुझ्नुपर्दछ । यसलाई अझ प्रस्ट पार्न निम्न उदाहरण हेर्न सकिन्छ :

**भैपरी आउने समस्या तथा परिस्थितिसँग जुध्न वा व्यक्तिगत आवश्यकताहरू परिपूर्तिका लागि किशोरकिशोरीसँग पैसा नहुँदा आवश्यक्ता परिपूर्ति कसरी गर्छन् भन्ने कुरा छलफलको विषय हुन सक्छ । कसैसँग सापटी लिएर तिर्न नसकिरहेको अवस्थामा आफूलाई समस्या परिरहेको महसुस हुन्छ । आफ्नो स्वास्थ्य र शारीरिक सुरक्षामा नकारात्मक असर पर्ने गरी सहयोग गर्ने व्यक्तिले सम्भावित हानि नोक्सानी तथा उसको स्वार्थका लागि प्रयोग गर्न पनि सक्छ । त्यसैले व्यक्तिगत आवश्यकता परिपूर्ति गर्न, भैपरी आउने समस्याहरूलाई टार्न पैसाको बचत आफैँले गर्ने बानी बसाल्नु पर्दछ । अनावश्यक इच्छा, आकाङ्क्षालाई त्याग्ने किसिमले व्यवहार परिवर्तन गरी सम्भावित हानि नोक्सानीबाट जोगाउन कुनै पनि किसिमले बचत गर्नु आवश्यक छ । तर यसो भन्दैमा कन्जुस बानी व्यहोरा बनाई आफ्नो इच्छा र योजनालाई नै बाँधेर बचत गर्दा हुने सन्तुष्टि वा खुसी लामो र लाभदायक नहुन पनि सक्छ भनेर पनि बुझाउनु पर्दछ । त्यसैले आवश्यकता र चाहनालाई मूल्याङ्कन गरी अति महत्त्वपूर्ण आवश्यकता बुझी त्यसै अनुरूप खर्च गर्ने वा बचत गर्ने बानी बसाली लक्ष्य परिपूर्ति गर्न सकिन्छ भन्ने सीप सिकाउनु पर्दछ ।**

## बजेट भनेको के हो ?

बजेट एउटा आर्थिक योजना हो । पैसालाई कसरी व्यवस्थापन गर्ने भनेर नक्साङ्कन गर्ने तथा योजना बनाउने कार्य बजेट हो । तपाईंले आशा गर्नु भएको सम्भावित आय आर्जन गर्ने रकम र त्यस रकमलाई कसरी योजनाबद्ध तरिकाले खर्च गर्ने भन्ने बिचको सम्बन्ध बजेटले देखाउँछ । त्यसैले यो पैसाको व्यवस्थापन गर्ने योजना हो ।

योजनाबद्ध तरिकाले गरिएको आम्दानीलाई बजेटको दुई भागमध्ये आयतर्फ राखिन्छ । कुनै पनि शीर्षकमा (के कामका लागि खर्च) गरिएका सम्पूर्ण खर्चहरूलाई शीर्षक खुलाई व्ययतर्फ राखिन्छ । कमाएको र खर्च गरिएको रकमहरूको बिचमा भएको भिन्नताले यस समयमा कति बचत भएको छ वा कति अरूसँग लिएको सापटी तिर्नु पर्ने रहेछ भन्ने अवस्थालाई बुझाउँछ र सो अनुसार सोचिएको आर्थिक लक्ष्य प्राप्तिको लागि नयाँ योजना बनाउन सघाउ पुग्छ ।

धनी वा गरिब, कम आय वा धेरै आय हुने सबैका लागि बजेट योजना राख्ने कार्य महत्त्वपूर्ण हुन्छ । कसैसँग कम आय हुँदा कम बचत हुन्छ र कसैसँग बढी आय हुँदा बढी बचत हुन सक्छ तर सबैले बचत गर्ने प्रयत्न

भने गरिरहन्छन् । अति कम आय भएका परिवार वा व्यक्तिलाई भने दैनिक गुजारा चलाएर बचत गर्ने कार्य चुनौतीपूर्ण हुनसक्छ ।

कनै कुनै व्यक्तिले आफ्नो आय व्ययको हिसाब मनमनै गरिराखेका हुन्छन् तर कापीमा लेखेर बजेट योजना बनाएमा सम्पूर्ण आय व्ययको हिसाब किताब तस्बिर जस्तै छर्लङ्ग हुन्छ । आफूले चाहे अनुसार विवेकशील भई खर्च गर्ने कुराको योजनाबद्ध तरिकाले पुनः सोची, फेरबदल गरी, आवश्यक्ता र चाहना छुट्याई, बचतमा वृद्धि गर्न पनि सकिन्छ ।

व्यक्तिगत प्रयोजनका लागि तथा विभिन्न क्रियाकलाप र कार्यक्रम अनुसार (आर्थिक उद्यम, सामाजिक उद्यम वा अन्य प्रकारका आर्थिक क्रियाकलाप गर्ने कम्पनीका) मूलभूत रूपमा साधारण आय र व्यय अभ्यास पुस्तिकाको तालिका नम्बर ११.२ को नमुना बजेट अनुसारकै आय र व्ययको हिसाब गरिन्छ। तर सँस्थाले विभिन्न क्रियाकलाप शीर्षक अन्तर्गत खर्च शीर्षक कार्यक्रमको खर्च र कार्यालय सञ्चालन खर्च हिसाब राख्छ भने आयको शीर्षकतर्फ अनुदान सहयोग र वस्तु वा सेवा बिक्रीबाट आएको आम्दानीको हिसाब राख्दछ । यसरी राखिएको हिसाब किताबले सो सँस्थाको आर्थिक स्थिति के कस्तो अवस्थामा छ भनी प्रस्ट देखाउँछ ।

# सत्र ११.२ | विवेकशील बचतकर्ता

## उद्देश्य :

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- आर्थिक बचतसँगै अन्य साधन र स्रोतको बचतबाट हुने फाइदाको बारेमा बताउन सक्नेछन् ।
- स्थानीय स्रोतसाधनको उचित प्रयोग र महत्त्वबारे बताउन सक्नेछन् ।
- एउटा सफल बचतकर्तामा हुनुपर्ने गुणहरू सूचीकृत गर्न सक्नेछन् ।

## समय :

२ घण्टा

## आवश्यक सामग्रीहरू :

मार्कर, न्युजप्रिन्ट, कागजका टुक्रा, मास्किङ्ग टेप, कैँची

## पूर्व तयारी :

- घटना अध्ययन नम्बर ११.६ **रूपा र रानीको** कथाको चारप्रति तयार गरेर राख्ने ।
- **चित्र नं. ११.७ को परिवारको आय र खर्चको अवस्था**लाई न्युजप्रिन्टमा चित्र बनाएर राख्ने वा फोटोकपी गराएर राख्ने ।
- **जोडा मिलाउने खेल** खेलाउनु पूर्व तालिका नंम्बर ११.८ को पुनः जोडिएर बनेका शब्द लेखिएका तालिकाको फोटोकपीलाई १२ टुक्रा गरी तयार गर्ने ।

(नोटः सहभागीहरूसँग अभ्यास पुस्तिका नभएको अवस्थामा र तालिम सामग्री नभएमा यस सत्रमा आवश्यक पर्ने सामग्री र पूर्व तयारीका आवश्यक सामग्रीहरू यस तालिम पुस्तिकामा भनिए बमोजिम पहिले नै तयार गर्नुपर्दछ ।)

## विधि :

घटना अध्ययन, सहमति असहमति छलफल, विचार मन्थन, चित्र देखाउने, समूह छलफल र प्रस्तुति ।

१० मिनेट

## अघिल्लो सत्रको पुनरावलोकन

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के गरियो ? | के के सिकियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ वर्ष उमेर समूहका लागि

६० मिनेट

# क्रियाकलाप १ : विवेकशील बचतकर्ता

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले : आर्थिक बचतसँगै अन्य साधन र स्रोतको बचतबाट हुने फाइदाको बारेमा बताउन सक्नेछन् ।

**विधि :** घटना अध्ययन, चित्र प्रस्तुतीकरण, छलफल

**आवश्यक सामग्री :** रूपा र रानीको घटना, चित्र, नमुना बजेट फाराम

### चरण १ – व्यक्तिगत आम्दानी र खर्च

क) सहभागीहरूलाई खेलका माध्यमबाट चार समूहमा विभाजन गर्ने ।

ख) प्रत्येक समूहबाट एक/एकजना स्वयम्सेवक छानी घटना अध्ययन ११.२ **रूपा र रानीको** घटना अध्ययन कथा स्वयम्सेवकहरूलाई दिने ।

ग) १० मिनेटभित्रमा प्रत्येक स्वयम्सेवकलाई दिइएको घटना अध्ययनलाई आफ्नो समूहका साथीहरूले बुझ्ने गरी ठुलो स्वरमा पढ्न लगाउने ।



## घटना अध्ययन : ११.२.१ रूपा र रानीको कथा

रूपा र रानी दुवैजना एउटै गाउँमा बसोवास गर्छन् । दुवैजना त्यही गाउँको एउटा प्राथमिक विद्यालयका शिक्षिका हुन् । दुवैजनाले प्रत्येक महिना रु. १५,०००/- (पन्ध्र हजार रूपैयाँ) तलब पाउँछन् ।

| रूपाको कथा | रानीको कथा |
|---|---|
| रूपाले कमाएको तलबबाट रु. ७,००० (सात हजार रूपैयाँ) बैङ्कमा जम्मा गर्छिन् । मासिक रूपमा यति बचत गर्नु त्यति सजिलो छैन । कुनै ठाउँबाट घर फर्किंदा सार्वजनिक गाडीमा चढेर आउँछिन् । रूपाले घरबाहिर जाँदा पिउने पानी आफैं बोकेर हिँड्छिन् । बजार जाँदा घरबाट खाजा लिएर जान्छिन् । प्रायः चिया भने घरमै आएर पिउने गर्छिन् । उनले नयाँ जुत्ता किन्नका लागि केही महिना कुर्ने निर्णय गर्छिन् । घरबाट खाजा नल्याएको दिन भोकै नबसी आवश्यक पर्दा साथीहरूसँग होटेलमा खाजा खान पनि जान्छिन् । समय समयमा घर खर्चका लागि केही रकम आमालाई पनि दिने गर्छिन् । घरायसी फोहोरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न मिल्ने गरी छुट्याएर राख्छिन् । व्यवस्थित तरिकाले प्राकृतिक तथा सामाजिक वातावरणलाई जोगाउन सकिन्छ भन्ने कुरा आमालाई सम्झाउँछिन् । अनावश्यक रूपमा पानीको प्रयोग गर्नु हुँदैन र यसले गर्दा पानी जम्मा गर्ने समय कम लाग्ने र खर्च कम हुने कुरा भाइलाई बुझाउँछिन् । बिजुली, पानी तथा टेलिफोनको खर्चमा कमी ल्याउन सकिने विभिन्न उपायहरूका बारेमा साथीहरूसँग छलफल गर्छिन् । गोलभेँडाको बोटलाई करेसा बारीमा सारेर थोरै भए पनि भान्साका लागि चाहिने गोलभेँडाको खर्चमा कमी ल्याएकी छिन् । उनको यो कार्यले वरिपरिको वातावरणलाई संरक्षण गर्न पनि सहयोग गरेको छ । | रानीले प्रत्येक महिनाको तलब सबै खर्च गर्दै आएकी छिन् । कुनै महिनामा केही रकम बचत भएमा घरमै राख्छिन् । गाउँका छरछिमेकीहरू रानीले आफ्नो नाम अनुसारकै धेरै तलब थाप्छिन् होला त्यसैले नै फेरि फेरि नयाँ लुगा, चुरा, जुत्ता, मेकअप गरेर हिँड्न सकेकी होलिन् भन्ने ठान्दछन् । कहिलेकाहीँ बजारबाट घर फर्किंदा उनी गाडी रिजर्भ गरेर फर्कन्छिन् । रानी बजार घुम्न जाँदा होटलमा कोकाकोला र खाजा खान्छिन् । रानीले कहिलेकाहीँ बजारमा साथीहरू भेट्दा खाजा खुवाउँछिन् भने साथी भाइलाई आपत् बिपत् पर्दा सापटी पनि दिन्छिन् । खल्तीमा पैसा भयो कि नयाँ नयाँ शृङ्गारका सामान किनी घरमा ल्याउँछिन् । उनले यसरी नै सधैँ पुग्छ भन्ने विचारले बचत गर्ने सोच तथा बानी बसालेकी छैनन् । उनी अरूको विचारै नगरी छिमेकीलाई समेत असर पुग्ने गरी ठुलो आवाजमा मन परेका गीत सुन्छिन् । उनले घरबाट निस्किएका फोहोरलाई जथाभावी फालिदिने तथा बाल्ने गर्दछिन् । दैनिकी त यसरी नै चलेको थियो तर एक दिन उनकी आमा अचानक बिरामी हुँदा कसैले पनि उनलाई आर्थिक सहयोग गरेनन् । |

घ) घटना अध्ययन पश्चात् समूहमा तलका प्रश्नहरूको आधारमा छलफल गराउने :




- रानीले आफ्नो तलबलाई कसरी व्यवस्थापन गरिरहेकी छिन् ?
- रूपा र रानीको कुन कुन बानी मन पऱ्यो या परेन ?
- विवेकशील बचत कर्तामा हुनुपर्ने गुणहरूको सूची तयार गर्न लगाई अभ्यास पुस्तिका वा कापीमा सार्न लगाउने ।

- यो चरणको क्रियाकलाप सकेपछि चरण २ को क्रियाकलाप सुरु गर्ने ।

## चरण २ – परिवारको आम्दानी र खर्च


क) चित्र नं. ११.२ मा उल्लेख भएको परिवारको आय र खर्चको अवस्था झल्काउने चित्रलाई न्युजप्रिन्टमा उतारी भित्तामा टाँस्ने वा त्यो चित्र सबैलाई देखाउने ।



ख) चित्र नं. ११.७ सहभागीहरूलाई देखाउने क्रममा निम्न बुँदाहरू बुझाइदिने ।

- यस चित्रमा देखाइएको उदाहरण एउटा परिवारको हो । यस परिवारले मेहनत गरेर केही आर्जन गरेको छ र विभिन्न स्रोतहरूबाट आय जम्मा भएको छ । यसरी जम्मा भएको आय विभिन्न अवस्थाहरूमा खर्च पनि भइरहेको छ ।

**चित्र नं. ११.२.२ परिवारको आम्दानी र खर्चका स्रोतहरू:**



**ग) चित्र प्रस्तुतीकरण गर्दै निम्न प्रश्नहरू छलफलका लागि सोध्ने :**

१) चित्रमा देखाइएको परिवारमा आम्दानीका स्रोतहरू केके हुन सक्छन् ?

२) चित्रमा देखाइए जस्तै उक्त परिवारमा अन्य के के आवश्यकता र इच्छाहरूमा खर्चहरू हुन्छन् ?

३) चित्रमा देखाइएको खर्चका अवस्थाहरूमध्ये कुन कुन अवस्थाहरूमा खर्चलाई कसरी कम गर्न सकिन्छ ?

४) तपाईंका बुबाआमाले मेहनत गरेर कमाएको आयलाई सही सदुपयोग गर्न तपाईंले व्यक्तिगत रूपमा के के सहयोग गर्न सक्नुहुन्छ ?




### सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू:

- यस चरणको क्रियाकलाप सकेपछि क्रियाकलाप २ सुरु गर्नु पूर्व अभ्यास पुस्तिकामा भएको तालिका नं. ११.२.३ को परिवारको लागि बनाएको नमुना बजेट फाराम भरी अभ्यास गराउनुहोस् ।
- एउटा काल्पनिक परिवारको नमुना बजेट बनाउन सहभागीहरूलाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहले तालिका नं. ११.२.३ को परिवारका लागि बनाएको आम्दानी र खर्चको नमुना बजेट अभ्यास गराउनुहोस् ।
- यो अभ्यास गर्नका लागि १५ मिनेट दिनुहोस् र पालैपालो छोटकरीमा प्रस्तुत गराउँदै छलफल गर्नुहोस् ।
- सत्र ११.१ मा रहेको खर्च र बचत अन्तर्गत छलफल गरिएको व्यक्तिगत बजेट निर्माण प्रक्रिया अनुसार नै आफ्ना बुबा र आमासँग सल्लाह गर्दै पारिवारिक बजेट तयार गर्न सकिन्छ भनी बुझाउनुहोस् ।

### निष्कर्ष :

- परिवारका सबै सदस्यले घर खर्च चलाउनका लागि विभिन्न काम गरी आय आर्जन गरिरहेका हुन्छन् । हामी किशोरकिशोरीले पनि बुबाआमाले मेहनत गरेर कमाएको वा आफैंले कमाएको पैसालाई सही सदुपयोग गर्नुपर्दछ । अनावश्यक खर्च कम गरी परिवारको बचत बढाउने कार्यमा भूमिका निभाउनु पर्दछ । यसरी असल बचतकर्ता भए परिवारमा खुसी रहिरहन्छ ।

## चित्र नं. ११.२.३ : परिवारको आम्दानी र खर्चको नमुना बजेट

मितिः ............महिना.........गते.............साल.................

| | | यस महिनामा कति आय भयो ? |
|---|---|---|
| १ | परिवारको नियमित आय<br>बुबा/आमाको कमाइ<br>क)<br>ख) | |
| २ | परिवारको अन्य आय<br>क)<br>ख) | |
| | जम्मा कुल आय | |

| | नियमित रुपमा हुने खर्चहरु | यस महिनाको कति खर्च भयो (रु) | आउने महिनामा कति खर्च गर्ने (रु) |
|---|---|---|---|
| १. | बचत गर्ने (बैङ्क वा घरमा बचत गर्दा खर्चको रुपमा हेर्ने ।) | | |
| २. | खाना खर्च | | |
| ३. | पानी, बत्ती | | |
| ४. | टेलिफोन | | |
| ५. | यातायात | | |
| ६. | व्यक्तिगत सरसामान<br>क) ............<br>ख) ............<br>ग) ............ | | |
| ७. | विद्यालय शुल्क | | |
| ८. | आकस्मिक उपचार खर्च | | |
| ९. | अन्य खर्च (शीर्षक)<br>क) .........ख) ........ग)....... | | |
| | जम्मा कुल खर्च | | |

© 2013 The Population Council, Inc Dream Big! Kwacha for Our Future - Financial Education Curriculum




# क्रियाकलाप २:
# पुन: प्रयोगको बानी बसालौं

Aflaton-Aflateen Manual - www.aflatounworld.org

३० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले : स्थानीय स्रोत साधनको उचित प्रयोग र महत्त्वबारे बताउन सक्नेछन् ।

**विधि :** जोडी मिलाउने खेल

**आवश्यक सामग्री :** जोडा मिलाउने पुन:' लेखिएका शब्दहरू

१. सहभागीलाई दुई समूहमा विभाजन गर्ने (पहिलो समूहमा १२ जना हुने गरी र बाँकी सहभागी सबैलाई दोस्रो समूहमा पर्ने गरी मिलाएर राख्ने) ।

२. पहिलो समूहका १२ जनालाई ५ मिनेटको लागि तालिम हल बाहिर पठाउने ।

३. दोस्रो समूहमा बाँकी रहेका सबै सहभागीलाई तालिका नं. ११.२.४ को पुन: जोडिएर बनेका शब्दहरूमा भएको जोडा मिलाउने खेलको नमुना दिने ।



४. दोस्रो समूहका कुनै एकजना सहभागीलाई सबैले सुन्ने गरी तालिका नं. ११.२.४ का भनाइहरू पढ्न लगाउने ।

५. दोस्रो समूहका सबैलाई सो तालिका पढिसकेपछि शब्द र भनाइहरूलाई छुट्टाछुट्टै हुनेगरी १२ वटा टुक्रामा काटी 'जोडा मिलाऊ' खेल खेल्नका लागि तयार गर्न लगाउने ।

४. पहिला बाहिर पठाइएको समूहका सहभागीहरूलाई हल भित्र बोलाउने ।
दोस्रो समूहले तयार पारेका १२ वटा टुक्रालाई पुन: मिलाउनका लागि अनुरोध गर्ने ।

५. ती १२ जना सहभागीहरूलाई १/१ वटा हातमा पर्ने गरी १२ टुक्रा दिने र सबैलाई मिल्दो शब्दको साथी खोजी शब्दहरूका भनाइसँग मिल्ने गरी जोडा मिलाउन लगाउने । दोस्रो समूहका सहभागीहरूलाई पहिलो समूहले गरेको कामलाई चुपचाप बसी हेर्न मात्र लगाउने । यदि ६ वटा जोडा नमिलाएको अवस्थामा सहजकर्ताले तालिका नं. ११.२.४ अनुसार शब्द र भनाइ मिलाउन सहयोग गरिदिने ।

६. खेल सकिएपछि सहभागीहरूलाई निम्न प्रश्नहरू सोधी छलफल गर्ने :
   क) हामीमा कस्ता कस्ता बानी र व्यवहारको विकास भए वातावरण जोगाउन सकिन्छ ?
   ख) हामीले पैसा जोगाउन के कस्ता बानी व्यवहारको विकास गर्नुपर्छ ?

**तालिका ११.२.४ पुनः जोडिएर बनेका शब्दहरू**

| पुनः जोडिएर बनेका शब्द | व्याख्या |
| --- | --- |
| १) पुनः प्रयोग | प्रयोग गरिसकेका वस्तुहरूलाई फेरि पनि प्रयोगमा ल्याउने तरिका ।<br>जस्तैः खाली ड्रम वा सिसी, बाक्लो कागजको बाकस आदि । |
| २) पुनः प्रशोधन | त्यस्ता वस्तुहरू जुन प्रशोधन गरेर फेरि कुनै नयाँ कामका लागि प्रयोग गर्ने तरिका ।<br>जस्तैः पुरानो कागजलाई प्रशोधन गरेर नयाँ कागज बनाई कापी बनाउने । |
| ३) पुनः मर्मत | बिग्रिएको अवस्थामा रही हाल काम लिन नसकिएका वस्तु वा मेसिनलाई मर्मत गरी फेरि त्यही वस्तु वा मेसिन प्रयोगमा ल्याउने तरिका ।<br>जस्तैः सिलाइ मेसिन वा काठको टेबललाई मर्मत गरी पुनः प्रयोगमा ल्याउने तरिका । |
| ४) पुनः कम खपत | प्राकृतिक रूपमा पाइने सीमित स्रोत र साधनहरूको अत्यधिक प्रयोगमा कमी ल्याई ती स्रोतहरूको बचत गर्दै वातावरण जोगाउने तरिका ।<br>जस्तैः वन फडानी कम गर्ने, खोलाबाट बालुवा र ढुङ्गा थोरैथोरै निकाल्ने र बिक्री वितरण कम गर्ने । |
| ५) पुनः इन्कार | दैनिक जीवनका लागि अति आवश्यक नहुने वस्तुहरू बजारबाट लामो समयसम्म खरिद नगरी उत्पादन गर्ने उद्योगलाई सो वस्तुको उत्पादन रोक्न बाध्य बनाउने तरिका ।<br>जस्तैः सुन, चाँदी, हिरा जस्ता बहुमूल्य वस्तुहरू जसको उत्पादन गर्न ठुल्ठुला खानीहरू खन्दा प्राकृतिक विनाशमा वृद्धि हुन्छ । |
| ६) पुनः विचार | अहिले गरिरहेको कामलाई फेरि विचार गरी कसरी राम्रो, छिटो र सस्तो तरिकाबाट काम सम्पन्न गर्न सकिन्छ भन्ने उपायको खोजी गरी काम गर्ने तरिका ।<br>जस्तैः खोला तर्न नसकेर लामो बाटो हिँडेर स्कुल जानु भन्दा समुदाय मिलेर झोलुङ्गे पुल निर्माण गर्न विचार गर्ने । |

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

**निष्कर्ष :**

- घरमा जम्मा भइरहेका कवाडी वा पुराना, प्रयोगमा नआएका वा आउन नसक्ने सामानको राम्रो व्यवस्थापन गरे पुनः प्रयोगका विभिन्न विकल्पहरू आउन सक्दछन् । यस्ता विकल्पहरूको प्रयोगले वातावरण संरक्षण हुनुका साथै आर्थिक रूपले पनि फाइदा हुन्छ ।




# क्रियाकलाप ३ :
# नैतिकवान् बचतकर्ता

३० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
एउटा सफल बचतकर्तामा हुनुपर्ने गुणहरूको सूची तयार गर्न सक्नेछन् ।

**विधि :** सही–गलत खेल खेल

**आवश्यक सामग्री :** सही र गलत लेखिएका कागज, नैतिकता सम्बन्धी भनाइहरू

### सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू:

सहजकर्ताले सहभागीहरूलाई नैतिकवान् बचतकर्तामा हुने गुणहरूको बारेमा जानकारीका लागि सही वा गलत खेल खेल्ने कुराको बारेमा पूर्व जानकारी दिई खेल सञ्चालन गर्नु पर्ने हुन्छ ।

१. सहजकर्ताले तल लेखिएको नैतिकता सम्बन्धी व्याख्यालाई न्युजप्रिन्टमा लेखेर टाँस्ने ।


### नैतिकता सम्बन्धी व्याख्या

कुनै पनि उद्देश्य वा काम पूरा गर्दा अरूलाई हानि नोक्सानी नपुऱ्याई आफ्नो जिम्मेवारी, मूल्य, मान्यता र अनुशासनमा रहेर कार्य गर्नु नै नैतिकता हो । नैतिकवान् बचतकर्ताले आफ्ना व्यक्तिगत तथा पारिवारिक आवश्यकतालाई नै छाडेर कन्जुस्याइँ गरी भोक भोकै बसेर स्वास्थ्यमा असर पर्ने गरी बचत गर्दैनन् ।

२. सहभागीहरूलाई गोलो घेरामा उभिन लगाउने ।

३. छुट्टा छुट्टै कागजमा 'सही' वा 'गलत' शब्द लेखी उक्त कागजहरू छुट्टाछुट्टै स्थानमा टाँसिदिने ।

४. सहजकर्ताले तालिका नं. ११.२.५ को नैतिकता सम्बन्धी भनाइहरूलाई क्रमैसँग भन्दै जाने र सहभागीहरूले सो भनाइसँग आफू सहमत भए सही लेखिएको ठाउँतिर र गलत भए असहमत लेखिएको ठाउँतिर गएर उभिन लगाउने ।



५. खेल खेलाउने क्रममा प्रत्येक भनाइहरूमा किन सहमत वा असहमत हुनु भयो भनी सहभागीहरू मध्ये केहीलाई सोध्ने र छलफल गर्दै जाने । यसै गरी सबै भनाइहरू सोधी खेल सिध्याउने ।

**तालिका नम्बर ११.२.५ नैतिकता सम्बन्धी भनाइहरू :**

| बचतसँग सम्बन्धित नैतिकता सम्बन्धी भनाइहरू | उत्तर |
|---|---|
| १. स्कुलमा खाजा खान दिएको पैसालाई बचाउनु पर्छ भनेर भोक भोकै बस्ने बानी राम्रो हो । | गलत |
| २. विद्यालय छाडेर बाहिर गई काम गरेर पैसा कमाउनु हुँदैन । | सही |
| ३. कसैको सामान चोरेर बेची आएको पैसा बचाउन हुन्छ । | गलत |
| ४. दाइजो प्रथाको विरुद्धमा सामाजिक सचेतना बढाउनुपर्छ । | सही |
| ५. आफूलाई चाहिने भन्दा बढी खाना लिएर पुरा नखाइकन फाल्ने बानीले बचतमा वृद्धि गर्न सहयोग गर्छ । | गलत |
| ६. साथीको भन्दा आफ्नो बचत कम छ भनेर बुबाआमासँग झगडा गरी मागेर पैसा बचत गर्नुपर्छ । | गलत |
| ७. अरूलाई विशेष गरी साना उमेरका साथीहरूलाई धम्क्याएर, झुक्याएर पैसा लिई बचत गर्नु हुँदैन । | सही |
| ८. विद्यालयको शुल्क नतिरी उक्त पैसा बचत गर्नु पर्दछ । | गलत |
| ९. आवश्यक खाना नखाइकन पैसा बचत गर्नाले स्वास्थ्य बिग्रिन्छ । | सही |
| १०. जथाभावी फोहोर फाली समाजमा दुर्गन्ध फैलाउनु हुन्न । | सही |

**तालिका नम्बर ११.२.५ भनाइहरूको व्याख्या :**

| बचतसँग सम्बन्धी नैतिकवान् भनाइहरू | व्याख्या |
|---|---|
| १. स्कुलमा खाजा खान दिएको पैसा बचाउनु पर्छ भनेर भोक भोकै बस्ने बानी राम्रो हो । | आफूलाई खाजा खान दिएको पैसाले पुग्दो खाजा खाई बाँकी रहेको पैसा बचाउन सकिन्छ तर भोकै बसी पैसा बचाउनु भनेको स्वास्थ्यलाई हानि पुऱ्याउनु हो । |
| २. विद्यालय छाडेर बाहिर गई काम गरेर पैसा कमाउनु हुँदैन । | पढ्नु जस्तो महत्त्वपूर्ण काम छाडी पैसा कमाउन जानु नराम्रो कार्य हो । |
| ३. कसैको सामान चोरेर बेची आएको पैसा बचाउन हुन्छ । | चोर्नु नराम्रो बानी हो । |
| ४. दाइजो प्रथाको विरुद्धमा सामाजिक सचेतना बढाउनुपर्छ । | दाइजो लिनु र दिनु सामाजिक अपराध हो । |

| | |
|---|---|
| ५. आफूलाई चाहिने भन्दा बढी खाना लिएर सबै नखाई फाल्ने बानीले बचतमा वृद्धि गर्न सहयोग गर्छ । | यो सबैभन्दा नराम्रो बानी हो । यसले बचतलाई घटाउँछ किनकि प्रत्येक खानाका दानाहरू उत्पादन गर्न धेरै मेहनत र खर्च लागेको हुन्छ । खाद्यान्नलाई सम्मान गर्न नसक्नु नराम्रो बानी हो । यो नैतिकवान् बचत कर्ताको गुण होइन । |
| ६. साथीको भन्दा आफ्नो बचत कम छ भनेर बुबाआमासँग झगडा गरी मागेर पैसा बचत गर्नुपर्दछ । | अवस्था अनुसार आफ्नो आवश्यकता पूरा गर्नु पर्छ । बुबाआमाहरूलाई अनावश्यक दुःख दिनु हुँदैन । |
| ७. विशेष गरी साना उमेरका साथीहरूलाई धम्क्याएर वा झुक्याएर पैसा लिई बचत गर्नु हुँदैन । | यसरी साना उमेरका साथीहरूलाई धम्क्याएर वा झुक्याएर पैसा लिई बचत गर्नु नराम्रो काम हो । |
| ८. विद्यालयको शुल्क नतिरी उक्त पैसा बचत गर्नु पर्दछ । | यस्तो गर्नु नराम्रो काम हो । |
| ९. आवश्यक पोसिलो खाना नखाई पैसा बचत गर्नाले स्वास्थ्य बिग्रन्छ । | स्वास्थ्यलाई तन्दुरुस्त राख्न आवश्यक पोसिलो खाना खानु पर्छ । यसो नगरेमा स्वास्थ्य बिग्रन सक्छ । त्यसैले पैसा बचत गर्दाखेरी स्वास्थ्यलाई ध्यान दिनुपर्छ । |
| १०. जथाभावी फोहोर फाली समाजमा दुर्गन्ध फैलाउनु हुन्न । | आफूलाई मात्र सजिलो र फाइदा हुने सोच्नु र अरूलाई असर पुगेको बुझ्न नचाहनु नराम्रो र गैरजिम्मेवार व्यवहार हो । |

### निष्कर्ष :

- कुनै पनि काम गर्दा आफू लगायत अरूलाई हानि नोक्सानी नहुने किसिमबाट काम गर्ने तरिका वा समझदारीलाई नै नैतिकता भनिन्छ । नैतिकवान् व्यक्तिले आफैँलाई विश्वास नगर्ने वा आफैँलाई धोका दिने, अप्ठ्यारोमा पार्ने काम गर्दैन । जस्तै; नैतिकवान्ले स्वास्थ्यलाई खतरा पर्ने गरी खानै नखाई बचत गर्ने कामलाई मात्र महत्त्व दिनुहुँदैन । विद्यालय छाडेर अनावश्यक काममा लाग्नु हुँदैन । पढाइलाई निरन्तरता दिनुपर्दछ । कसैको सामान चोर्नु वा लुकाउनु हुँदैन ।

५ मिनेट

### सिकाइ मापन

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के भए ?
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आउने ७ दिन भित्र गर्न के के गर्न सकिन्छ लेख्न लगाउने ।



# पाठ्य सामग्री

कम खर्च गर्दाको अवस्थामा पनि कम बचत होला । बचतको बानी विकास गर्दै गएमा प्रत्येक थोरै थोरै बचतले नै लामो समयपछि सोचेको लक्ष्य प्राप्त गर्न धेरै सहयोग पुऱ्याउँछ । बचत एकैपटक वा तत्काल भइहाल्ने होइन । थोरै थोरै भएपनि बचत गर्ने बानीले एउटा समयावधि पछि आफूले सोचेका निक्कै ठुलाठुला लक्ष्य प्राप्त गर्न समेत मद्दत पुऱ्याउँछ ।

योजनाबद्ध तरिकाले बचत गर्दा अनावश्यक क्रियाकलापबाट हुने खर्चमा कम हुन गई त्यसबाट भएको बचत पारिवारिक तथा सामाजिक विकासमा लगाउन सकिन्छ ।

सीमित प्राकृतिक स्रोत, साधन र ऊर्जा जस्ता आवश्यक वस्तुहरूको उचित प्रयोग गरी प्राकृतिक वातावरणलाई सन्तुलित अवस्थामा राखी राख्न मद्दत गर्ने किसिमका क्रियाकलापहरूद्वारा पनि बचतमा वृद्धि गर्न सकिन्छ । यी स्रोतहरूको उचित प्रयोग गर्नु भनेको वैकल्पिक व्यवस्थापन गर्नु वा कम खपत गर्नु हो । आफ्नो आवश्यकता भन्दा बढी खाना नखानु, खाना नफाल्नु, अनावश्यक बत्तीहरू नबाल्नु यसका केही उदाहरण हुन् । यी कुराहरू व्यक्तिको जिम्मेवारीसँग सम्बन्धित छन् । स्वास्थ्यमा खतरा पर्नेगरी खानै नखाई बचत वृद्धि गर्ने कामलाई मात्र महत्त्व दिनुहुँदैन भन्ने कुरालाई पनि आत्मसात् गर्नु पर्दछ ।

सत्र

# ११.३ बचत व्यवस्थापन

## उद्देश्य :

**यस सत्रको अन्त्यमा सहभागीहरूले:**

- बचत व्यवस्थापनको महत्त्वबारे बताउन सक्नेछन् ।
- बचत व्यवस्थापनका विभिन्न विकल्पहरूको बारेमा बताउन सक्नेछन् ।
- पैसा सुरक्षित तरिकाले जम्मा गर्नका लागि सबैभन्दा राम्रो बचत विकल्पको छनौट गरी बैङ्क तथा वित्तीय सँस्थामा खाता खोल्न प्रोत्साहित हुनेछन् ।

## समय :

३ घण्टा

## आवश्यक सामग्रीहरू :

- कैंची, मास्किङ् टेप, विभिन्न रङका साइनपेन, मार्कर पेन, कागजका टुक्रा, न्युजप्रिन्ट
- विभिन्न बचत विकल्पका नाम लेखिएका ४ वटा पानाहरू (११.३.२ को ४ सेट क, ख, ग, घ) ।

## पूर्व तयारी :

- घटना अध्ययन नं ११.३.१ को "नूतनको कथा"को चारप्रति फोटोकपी ।
- पजल नं. ११.३.३ को (४ सेट ) क, ख, ग, घ का चारवटा विकल्पहरूको फोटोकपी गरी पजल खेल खेलाउनका लागि निर्देशन अनुसार काटी खाली बाकसमा राख्ने ।
- तालिका नं ११.३.२ को (क, ख, ग र घ) नमुना न्युजप्रिन्टमा लेखी झुन्ड्याउनका लागि तयारी अवस्थामा राख्ने ।
- सबै सहभागीलाई ४/४ वटाका दरले पर्ने गरी कागजको रु. १ को नोट तयार गर्ने ।
- भूमिका अभिनय ११.३.४ को संवाद ४ प्रति फोटोकपी गरी राख्ने ।
- टेबल नं. ११.३.५ को नमुना बैङ्क बचत फारामको ४ प्रति फोटोकपी गरी तयारी अवस्थामा राख्ने ।

(नोटः सहभागीहरूसँग अभ्यास पुस्तिका नभएको अवस्थामा र तालिम सामग्री नभएमा यस सत्रमा आवश्यक पर्ने सामग्री र पूर्व तयारीका आवश्यक सामग्रीहरू यस तालिम पुस्तिकामा भनिए बमोजिम पूर्व तयारी गर्नुपर्दछ ।)

## विधि :

घटना अध्ययन, उत्तम विकल्प पहिचान खेल, पजल खेल, विचार मन्थन, समूह छलफल र प्रस्तुति ।

## अघिल्लो सत्रको पुनारावलोकन

१० मिनेट

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के गरियो ? | के के सिकियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप १ः बचतको व्यवस्थापन

Aflaton-Aflateen Manual - www.aflatounworld.org

३० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले : बचत व्यवस्थापनको महत्त्वबारे बताउन सक्नेछन् ।

**विधि :** घटना अध्ययन

**आवश्यक सामग्री :** नूतनको कथा

क) सहभागीहरूलाई खेलका माध्यमबाट चार समूहमा विभाजन गर्ने ।

ख) प्रत्येक समूहबाट एक/एकजना स्वयम्सेवक छानी उनीहरूलाई घटना अध्ययन ११.३.१ को "नूतनको कथा" दिने ।

ग) प्रत्येक स्वयम्सेवकलाई आ-आफ्नो समूहमा फर्की "नूतनको कथा" समूहका साथीहरूले बुझ्ने गरी पढ्न लगाउने ।



## घटना अध्ययन ११.३.१ :

### नूतनको कथा

नूतन एक जेहेन्दार विद्यार्थी हुन् । उनी छिमेकीका छोराछोरीलाई बिहान एक ठाउँमा जम्मा गरी ट्युसन पढाउँछिन् । उनले कम्प्युटर मर्मत सम्बन्धी तालिम लिने उद्देश्य पनि लिएकी छिन् । एउटा राम्रो तालिम केन्द्रबाट तालिम लिनका लागि उनले कमाएको पैसालाई बचत गरिरहेकी छिन् । न्युन आय भएको हुनाले धेरै पैसा बचत गर्न नसकिने र बैङ्क पनि टाढा भएकाले उनले अहिलेसम्म बैङ्कमा खाता खोलेकी छैनन् । त्यसकारण उनले आफूसँग जे जति पैसा हुन्छ, त्यो सबै आफ्नो दराजको कुनामा कपडामा लुकाएर राख्ने गर्छिन् । कुनै कुनै समयमा थप समय ट्युसन पढाएबापत थप केही पैसा आयो भने त्यो पनि खर्च नगरी दराजमा राख्छिन् ।

तर सिनेमा हेर्नका लागि मरिहत्ते गर्ने आफ्नो बानीले गर्दा नूतन प्रायः महिनाको अन्तिम शनिबार सिनेमा हेर्न हलमा जान्छिन् । त्यसैगरी इच्छा लागेको वस्तु पनि तत्कालै किन्छिन् । मोबाइल मर्मत सम्बन्धी तालिम लिइरहेकी बहिनीलाई कहिलेकाहीँ यातायात भाडा पनि दिने गर्छिन् । उनको यी बानीले गर्दा आफूसँग भएको पैसा खर्च भइरहन्छ । यसरी खर्च गर्दा उनी खुसी र रमाइलो मान्छिन् ।

यसरी खर्च गर्दा कति खर्च भयो, उनले कहिल्यै हिसाब राखिनन् । एकदिन कम्प्युटर तालिम सम्बन्धी भर्ना गर्नुपर्ने समय आयो, तर त्यसबेला उनले दराजको कपडाभित्र लुकाएर जम्मा गरी राखेको बचत रकमले भर्ना शुल्क पनि नपुग्ने भयो ।

घटना अध्ययन पश्चात् सहभागीहरूलाई निम्न प्रश्नहरू सोधी छलफल गराउने :

क) कस्तो कस्तो परिस्थिति (कारण) ले गर्दा घरमा नूतनले बचतको पैसालाई वृद्धि गरी सुरक्षा गर्न सकिनन् ?



ख) घरमा नै पैसालाई बचत गरी राख्दा के के सुविधा हुन्छ ?

ग) पैसालाई सुरक्षित रूपले बचत गर्न कहाँ लगेर बचत गर्नु पर्ला ?

घ) यो क्रियाकलाप सकिएपछि क्रियाकलाप दुई सुरु गर्ने ।

### निष्कर्ष :

- विभिन्न कारणहरूले गर्दा फरक फरक व्यक्तिहरूले विभिन्न तरिकाबाट बचतलाई व्यवस्थापन गरी राखेका हुन्छन् । कसैले बैङ्कमा लगेर पैसा बचत गर्दछन्, कोहीले सहकारीमा बचत गर्दछन् भने धेरै जसो व्यक्तिहरूले घरमा नै खुत्रुकेमा पैसा बचत गर्ने गर्दछन् । त्यसैले विभिन्न बचत विकल्पहरूका बिच तुलनात्मक अध्ययन गरी भरपर्दो र विश्वसनीय किसिमबाट बचत गरिने ठाउँको खोजी गर्नु आवश्यक हुन्छ । जसबाट बचतको उचित व्यवस्थापन गर्न सजिलो हुन्छ ।

१०-१९ बर्ष
उमेर समूहका लागि

# क्रियाकलाप २ :
# उत्तम विकल्पको पहिचान

Aflaton-Aflateen Manual - www.aflatounworld.org

६० मिनेट

**उद्देश्य** : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
बचत व्यवस्थापनका विभिन्न विकल्पहरूको बारेमा बताउन सक्नेछन् ।

**विधि** : पजल खेल

**आवश्यक सामग्री** : पजलका जम्मा १६ वटा टुक्राहरू, स्वयम्सेवकको ढाडमा टाँस्ने कागज आदि

## चरण १ : विकल्प पहिचान गर्ने

**खेल खेलाउँदा विचार गर्नुपर्ने कुराहरू:**

- समूहबाट चारजना स्वयम्सेवक छान्ने ।
- छानिएका ४ जना स्वयम्सेवक बाहेक चारवटा बचतका विकल्पहरूको पजलबाट जम्मा १६ ओटा टुक्राहरू बन्ने हुनाले १६ जना सहभागीहरूले मात्र पजल मिलाउने खेलमा सहभागी हुन सक्नेछन् । त्यसैले चारजना स्वयम्सेवक बाहेक यदि १६ जना भन्दा बढी सहभागीहरू बाँकी भए भने उनीहरूलाई जोडा मिलाउने कार्यमा सहयोग गर्न लगाउनु पर्ने हुन्छ ।
- पजलका टुक्राहरू जम्मा १६ वटा हुन्छन् र सम्बन्धित बचत विकल्पमा ४ वटाको दरले पर्दछ ।

१. सबै सहभागीहरूमध्येबाट पहिला नै दुईजना किशोर र दुईजना किशोरी गरी जम्मा ४ जना स्वयम्सेवकहरूलाई अगाडि बोलाउने र बाँकी सहभागीहरूलाई पजल खेलमा सहभागी गराउने ।




२. 'घरमा बचत', 'सहकारी वा समूहमा बचत', 'बैङ्कमा बचत' र "क्लबमा बचत" लाई छुट्टाछुट्टै ४ वटा कागजका टुक्रामा पहिले नै तयार गरिएको कार्डलाई एक एकवटा कागजका टुक्रा ती चारजना स्वयम्सेवकको पछाडि ढाडमा टाँसिदिने र सिधा रेखामा दुई दुई फिटको फरकमा तिनीहरूलाई बाँकी सहभागीहरूले देख्ने गरी ढाड फर्काई उभिन लगाउने ।

३. जसको ढाड पछाडि कागजका टुक्रा टाँसिएको हो, ती स्वयम्सेवकहरूले त्यसमा के लेखिएको छ भनी थाहा पाउनु हुँदैन र बाँकी सहभागीहरूलाई सोको जानकारी ती स्वयम्सेवकलाई नभन्नु भनी तयारी गराउने ।

४. केही समय बाँकी रहेमा सहभागीहरूले ती स्वयम्सेवकहरूको पछाडि लेखेको कुरा मन मनै पढ्न लगाउने ।

५. अब पहिले नै तयार पारी राखेको पजल नं. ११.३.३ को ४ जोडा पजलका टुक्राहरू राखेको बाकसलाई बाँकी रहेका सहभागीहरूको अगाडि राखिदिने । ती सहभागीहरूलाई पजलका एक एकवटाको दरले बाकसबाट पजलको टुक्रा लिन लगाउने र १० मिनेटको समयभित्र पजलमा लेखिएका विभिन्न विशेषताहरू लेखिएको वाक्य पढी सोका आधारमा उपयुक्त बचत समूहमा पर्ने वाक्यहरूको पजल-मिलाउन लगाउने ।

६. यस समयमा सहभागीहरूले पजल मिलाउने कार्य गर्ने अवधिभर ढाड पछाडि टाँसिएका चारजना स्वयम्सेवकहरूले जोडा मिलाएको कागज पढ्न, हेर्न वा बुझ्न दिनु हुन्न भनी निर्देशन दिने ।

७. दस मिनेटको समय अवधिमा पनि केही सहभागीहरूलाई जोडा बनाउन गाह्रो भएमा पजलहरूलाई मिलाउन सहयोग गर्ने ।

८. दस मिनेटको समयभित्र पजलका टुक्राहरू सम्बन्धित बचत विकल्पसँग मिलाइसकेपछि सो मिलेको पजललाई सम्बन्धित स्वयम्सेवकहरूलाई मिलाइएको पजलपट्टि फर्काई सो मिलाइएको पजलमा लेखिएको कुराहरू पढ्न लगाउने ।

९. यस समयमा प्रत्येक स्वयम्सेवकले ती मिलाइराखेका पजलमा लेखिएका विशेषताको आधारमा आफूले कुन बचत विकल्पको प्रतिनिधित्व गरिरहेको छु भनी सहभागी मार्फत् केही समय अनुमान गर्न लगाउने । यदि स्वयम्सेवकहरूले सही अनुमान गर्न नसकेमा उनीहरूका पछाडि टाँसिएको कागजका टुक्रा झिकी पढ्न दिने र आफ्नो छातीमा टाँस्न भनी सूचित गर्ने ।

१०. यसक्रममा आएका सहभागीहरूका केही प्रश्न भए सामूहिक छलफलबाट बुझाई थप प्रस्ट पार्ने ।

११. यस क्रियाकलाप पश्चात् लगतै चरण २ को क्रियाकलाप सुरु गर्ने ।

## चरण २. बचतको व्यवस्थापन

२० मिनेट

**सहजकर्ताले चरण २ को क्रियाकलाप सञ्चालनका क्रममा ध्यान दिनुपर्ने कुराहरू:**

- यस क्रियाकलापमा पहिलो चरणदेखि नै यस खेलमा सहभागी भएका चारजना स्वयम्सेवकहरूले आफूले प्रतिनिधित्व गरेको बचत विकल्पको कागजका टुक्रालाई ढाडबाट निकाली आफ्नो छातीमा टाँसेको छ वा छैन भनी ध्यान दिनुहोस् र नभए छातीमा टाँस्नको लागि सूचित गर्नुहोस् ।
- पुनः ती स्वयम्सेवकहरूलाई तालिम हलको एउटा भित्तामा दुई दुई फिटको फरक हुने गरी सबै सहभागीले देखिने स्थानमा गएर अनुहार देखिने गरी अगाडि उभिन लगाउनुहोस् । ती स्वयम्सेवकलाई यस क्रियाकलापमा कागजका टुक्रामा लेखिएको बचत सँस्थाको बारेमा जानकारी दिन प्रत्येक बजार प्रतिनिधिको रूपमा भूमिका अभिनय गर्न तयारी गर्नुहोस् । भूमिका अभिनय गर्नका लागि ती स्वयम्सेवकहरूले नै स्थानीय स्तरमा ज्ञान हासिल गरेका व्यावहारिक जानकारीको आधारमा संवादहरू तयार गर्न तथा तथ्य सूचना सहितको संवादहरू तयार गर्नका लागि समय दिनुहोस् । यस क्रियाका लागि सहजकर्ता स्वयम्ले नै स्थानीय स्तरमा भएका विभिन्न बैङ्क तथा सहकारी जस्ता वित्तीय सँस्थाको बारेमा जानकारी दिनुपर्दछ ।
- जोडा मिलाउने पजल खेलमा सहभागी भएका बाँकी सबै सहभागीलाई विभिन्न बचत

विकल्पहरूका सम्भावित बचत गर्न आउने ग्राहकका रूपमा भूमिका अभिनय गर्नुपर्ने कुरा सूचित गर्नुहोस् । प्रत्येक बचतकर्तालाई प्रतिनिधित्व स्वरूप रु. १ (रूपैयाँ) लेखिएका कागजका टुक्राहरू बराबर सङ्ख्यामा दिई बचतका विकल्पहरू मध्ये आफूलाई उत्तम लागे को बचत केन्द्रमा बचत गर्नका लागि निर्णय लिन र सम्बन्धित बचत सँस्थाको प्रतिनिधित्व गर्ने स्वयम्सेवकको हातमा जम्मा गर्नु भन्ने सङ्केत आएपछि जम्मा गर्न अनुरोध गर्नुहोस् ।

- खेलको दौरानमा समय समयमा ग्राहकको भूमिका निर्वाह गर्ने सहभागीबाट विषयवस्तु केन्द्रीत प्रश्नहरू नआउन सक्छन् वा वित्तीय सँस्थाको प्रतिनिधित्व गर्ने स्वयम्सेवकहरूलाई केही प्रश्नहरूको उत्तर थाहा नहुन सक्छ । यस अवस्थामा सहजकर्ताले विषयवस्तु केन्द्रित प्रश्न सोध्न लगाउनुपर्ने र आएका विभिन्न प्रश्नहरू ध्यानपूर्वक सुनी उत्तर दिन सहयोग गर्नु पर्दछ ।

१. बचत विकल्प सँस्थाहरूको प्रतिनिधित्व गर्ने चारजना स्वयम्सेवकहरू बाहेक बाँकी रहेका सहभागीहरूलाई तालिम हलको एउटा भागमा जम्मा भई बस्न लगाउनुहोस् ।

२. स्वयम्सेवकहरू जसले चार प्रकारका बचत विकल्पहरूको प्रतिनिधित्व गरेका छन्, तिनीहरूलाई आफूले प्रतिनिधित्व गरेको बचत विकल्पको 'मन पर्छ', 'मन पर्दैन' र 'प्रश्नहरू' लेखिएका सम्बन्धित विकल्पको तालिका नम्बर ११.५.३ को क, ख, ग र घ को नमुना अनुसार न्युजप्रिन्टमा भित्तामा टाँस्न लगाउनुहोस् ।

३. पहिले नै तयार गरिएको प्रतिनिधित्व स्वरूपको कागजका टुक्राहरूमा अङ्कित गरिएको रु. १ को कागजको नोट ग्राहकको भूमिका अभिनय गर्ने सबै सहभागीहरूलाई प्रति सहभागी ४/४ वटाको दरले पर्ने गरी वितरण गर्ने ।

४. यस समयमा चारजना स्वयम्सेवकहरूलाई निम्न कुराहरू बुझाउने :

- तालिम हलको एकै ठाउँमा जम्मा भई बसेका बाँकी सहभागीहरू कुनै एउटा समुदायका किशोरकिशोरीहरू हुन् । तिनीहरू वित्तीय सँस्थाका सम्भावित ग्राहक हुन् ।
- प्रत्येक स्वयम्सेवकले आफ्नो पालोमा आफूले प्रतिनिधित्व गरेको वित्तीय सँस्थाको बारेमा थाहा भएसम्मको राम्रा गुण र विशेषताहरूको बयान गर्न एक ठाउँमा जम्मा भएका सहभागीहरूको माझ गई बजार प्रतिनिधिको रूपमा आफ्नो सँस्थाप्रति आकर्षित गर्नेगरी बजारीकरण गर्नुपर्ने कार्य बुझाउने र ती स्वयम्सेवकहरूले सकेसम्म बचतकर्ताको भूमिका गर्ने सहभागीहरूलाई आफूले प्रतिनिधित्व गरेको सँस्थामा बचत खाता खोली रकम जम्मा गर्न प्रोत्साहन गर्ने किसिमको जानकारी दिनुपर्छ । जस्तै; ब्याज सम्बन्धी, ऋण सम्बन्धी, बचतको सुरक्षा सम्बन्धी कुराहरू प्रस्ट पारी धेरै भन्दा धेरै ग्राहक तान्न सक्ने गरी बुझाउन लगाउने ।

५. चार जना स्वयम्सेवकले पालैपालो आफ्नो सँस्थाको बजारीकरणको अभिनय गर्ने दौरानमा ग्राहकको भूमिका गर्ने सहभागीहरूलाई निम्न कुराहरू बुझाउने :

- स्वयम्सेवकहरूले बजारीकरण गर्ने क्रममा आफ्नो सँस्थाको बारेमा बताउने बचत कर्ताहरूलाई त्यससँग सम्बन्धित प्रश्नहरू, जिज्ञासाहरू सकेसम्म धेरै सोध्न लगाउने । उदाहरणका लागि त्यही सँस्थामा बचत जम्मा गर्दा किन, के कारणले र कसरी फाइदा हुन्छ जस्ता प्रश्नहरू ग्राहकको भूमिका गर्ने सहभागीहरूबाट बचत सँस्थाको प्रतिनिधित्व गर्ने स्वयम्सेवकलाई सोध्न लगाउने ।
- आफूसँग भएका चारवटा प्रतिनिधि स्वरूपका रु. १ को नोटहरूलाई आफ्नो बचत मानी राम्रो लागेको मध्ये ४ जना स्वयम्सेवकले सम्बन्धित बचत विकल्पको पालै पालो बजारीकरणको

चरण सकिएपछि ग्राहक भूमिका गर्ने सहभागीलाई स्वयम् निर्णय गरी ती नोटहरू एक वा एक भन्दा बढी वित्तीय सँस्थाको प्रतिनिधि गर्ने स्वयम्सेवकको हातमा दिने सङ्केत आएपछि दिनुपर्छ भनी बुझाउने ।

६. दुवै समूहहरूलाई आफूले गर्नुपर्ने भूमिका बुझाइसकेपछि चारजना स्वयम्सेवकहरूलाई बजारीकरण गर्न निर्देशन गरी खेल सुरु गर्ने ।

७. चारजना स्वयम्सेवकले बचत खाता खोल्नका लागि बजारीकरणद्वारा उत्प्रेरणा गर्ने क्रियाकलाप सकिएपछि ग्राहकको भूमिका गर्ने सहभागीहरूलाई ५ मिनेटको समय अवधिभित्र रु. १ अङ्कित कागजका चारओटा नोटहरू विश्वसनीय लागेका एक वा एकभन्दा बढी बचत सँस्थाको प्रतिनिधित्व गर्ने चारजना स्वयम्सेवकहरूको हातमा बचतका लागि दिन लगाउने । *यस अवधिमा स्वयम्सेवकहरूले कसैलाई पनि छेकबार वा जबरजस्ती नगरी मौखिक रूपमा सहभागी ग्राहकहरूलाई आफूले प्रतिनिधित्व गरेको बचत सँस्थामा बचत गर्नका लागि आकर्षित गराई रहने भनी सजग गराइरहनु पर्छ ।*

८. पाँच मिनेट समय अवधि पछि पनि कोही सहभागीको हातमा रु १ अङ्कित नोटहरू बाँकी रहन सक्छन् । हातमा बाँकी रहेको सो रकम भनेको आफ्नै घरमा नै सुरक्षित गरी बचत गर्नु हो भनी बुझाउनुहोस् । त्यसैले यस खेलमा बचतकर्ता (ग्राहकको भूमिका गर्ने) सहभागीहरूसँग भएको कागजका सबै नोट घरमा बचत गर्ने प्रतिनिधि स्वयम्सेवकलाई दिन लगाउने ।

९. अब चारजना स्वयम्सेवकहरूको हातमा सबै सहभागीहरूले नोट दिइसकेका हुन्छन् । चारजना प्रतिनिधि स्वयम्सेवकहरूलाई अब जम्मा हुन आएका रु. १ को नोटहरूलाई जोड्न लगाउने । जम्मा हुन आएको कूल रकम बराबरको रकमलाई मेटा कार्डमा ठूलो अक्षरले लेखी प्रतिनिधि स्वयम्सेवकले नै सम्बन्धित बचत सँस्थाको टेबल नं. ११.३.२ क, ख, ग र घ अनुसार उतारिएको नमुना न्युजप्रिन्टको माथि टाँसिदिन लगाउने ।




यस क्रियाकलाप पछि निम्न प्रश्नहरू सोधी सामूहिक छलफल गर्ने:

क) यस खेल अवधिमा कुन कुन बचत विकल्पमा कति कति रकम जम्मा हुन आएको छ भनी सोध्ने र यस्तो किसिमको परिणाम आउनुमा के के कारण होला ?

ख) तपाईंहरूले के को आधारमा आफूसँग भएको आय र बचतलाई एक वा एक भन्दा बढी बचत विकल्पहरूमा जम्मा गर्ने निर्णय गर्नु भयो ?

ग) तपाईंलाई उत्तम बचत गर्ने ठाउँ कहाँ हो भन्ने लाग्यो ? त्यसका के के फाइदाहरू होलान् ?

१०. यस चरणको क्रियाकलाप सकिनासाथ चरण ३ को क्रियाकलाप सुरु गर्ने ।

## चरण ३. विशेषता पहिचान

२० मिनेट

१. चारजना स्वयम्सेवकलाई यथास्थितिमा नै उभिन लगाउने । बाँकी सहभागीहरूलाई प्रत्येक बचत विकल्पको तालिका नं. ११.३.२ को क, ख, ग र घ को नमुना अनुसार न्युजप्रिन्टमा उतारिएको 'मन पर्ने', 'मन नपर्ने' र 'त्यससँग सम्बन्धित बुझ्न चाहेका प्रश्नहरू' उक्त तालिकामा भर्नका लागि ग्राहकको भूमिका गर्ने सबै



सहभागीहरूलाई सम्बन्धित ठाउँमा आफ्नो विचार राख्न १० मिनेट समय दिने ।

२. ग्राहकको भूमिका गर्ने सबै सहभागीहरूले चारवटै बचत विकल्पका बारेमा आलोपालो गरी सबैले एउटै समयमा मन पर्ने कुरा, मन नपर्ने कुरा र प्रश्नहरू लेख्नुपर्ने कुरा बुझाइदिने ।

३. सबै सहभागीहरूले आफ्नो विचार नमुना तालिकामा लेखिसकेपछि पालैपालो सम्बन्धित चारजना प्रतिनिधि स्वयमसेवकहरूलाई नै छलफलका लागि न्युजप्रिन्टमा लेखिएका कुराहरू सबैले बुझ्ने गरी पढ्न लगाउने ।

४. सहजकर्ताले सहभागीहरूलाई तालिम अवधिमा नमुना तालिका ११.३.२ क, ख, ग र घ मा लेखेका विभिन्न प्रश्नहरूको उत्तर दिई प्रस्ट पार्ने ।

१०-१९ वर्ष
उमेर समूहका लागि

३५ मिनेट

# क्रियाकलाप ३ :
## वित्तीय सास्थामा खाता खोल्ने प्रक्रिया

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले:
पैसा सुरक्षित तरिकाले जम्मा गर्नका लागि सबैभन्दा राम्रो बचत विकल्पको छनौट गरी बैङ्कमा खाता खोल्न प्रोत्साहित हुनेछन् ।

**विधि :** भूमिका अभिनय

**आवश्यक सामग्री :** अभिनय संवाद, खाता खोल्ने नमुना फाराम

**सहजकर्ताका लागि निर्देशन:**

सहजकर्ताले भूमिका अभिनयको औचित्यबारे प्रस्ट पार्दै बैङ्क वा सहकारी जस्ता बैङ्किङ्/वित्तीय सँस्थाहरूमा बचत खाता खोल्नका लागि के कस्ता प्रक्रिया हुन्छन् भन्ने कुरा बुझाउनका लागि भूमिका अभिनय गर्ने बारे सहभागीलाई जानकारी गराउने ।

१. सबै सहभागीलाई दुई/दुईजनाको जोडी समूहमा बस्न लगाउने ।

२. सहजकर्ताले भूमिका अभिनय ११.३.४ को संवाद न्युजप्रिन्टमा लेखी टाँस्ने वा फोटोकपी गरी प्रत्येक जोडीलाई दिने । प्रत्येक जोडीले यथास्थितिमै रही १० मिनेटको समय अवधिभित्र आलो पालो गरी वित्तीय सँस्थामा बचत खाता खोल्नका लागि संवाद पढ्दै अभिनय गर्न लगाउने ।



**भूमिका अभिनय (संवाद) ११.३.४ : बैङ्क बचत खाता खोल्न के गर्नु पर्छ ?**

(चन्द्रले खर्च र बचत तालिम लिइसकेपछि आफ्नो टोलमा रहेको एउटा विश्वसनीय वितीय सँस्थामा गएर उक्त सँस्थाका प्रमुखसँग बचत खाता खोल्नका लागि सहयोग लिइरहेको अवस्था छ ।)

**चन्द्र** : नमस्कार सर ।

**बैङ्क प्रमुख** : नमस्कार ।

**चन्द्र** : सर, म यहाँ खाता खोल्न चाहन्छु । मैले के के गर्नु पर्छ होला ?

**बैङ्क प्रमुख** : ओहो ! बचत गर्ने बानी राम्रो हो, यसले भविष्यको लक्ष्य पूरा गर्न सहयोग पुर्‍याउँछ ।

**(चन्द्र खुसीका साथ मुसुमुसु हाँस्छ)**

**बैङ्क प्रमुख** : ल, खाता खोल्न तपाईंको नागरिकता, फोटो, इच्छाइएको व्यक्तिको नागरिकता जस्ता कागजपत्रहरू चाहिन्छ । ल्याउनु भएको छ भने दिनुस् न त ।

**चन्द्र** : ल सर, मसँग छन् । यी लिनुस् त । फोटो २ प्रति, नागरिताको फोटोकपी.... !

**बैङ्क प्रमुख** : धन्यवाद, अब यो आवेदन फाराम भरेर दिनुहोस् ।

**चन्द्र** : हुन्छ सर, म आवेदन फाराम भरेर दिन्छु ।

**(केही समय पछि...)**

**चन्द्र** : सर मैले आवेदन फाराम भरेर तयार गरेँ, लिनुहोस् ।

**बैङ्क प्रमुख** : ए... खै दिनुस न । (फाराम हेर्दै....... ) चेकमा गर्ने सही यही हो ? आफूले चेकबुकमा गर्ने सही सधैँ मिल्नु पर्छ नि । अहिले गरेको सही र पछि पैसा निकाल्न चेकमा गर्ने सही मिल्नु पर्दछ । धन्यवाद, तपाईं केही समय कुर्नुहोस् । खाता नम्बर र चेक बुक लिएर जानुपर्ने हुन्छ ।

**(केही समय पछि....)**

**बैङ्क प्रमुख** : चन्द्र जी । तपाईंको बचत खाता नम्बर ००४ हो र यो चेक बुक लिएर जानुहोस् । ध्यान दिनुहोस्....... । यो चेकबुक सुरक्षित स्थानमा राख्नुपर्छ । अँ ..... एउटा कुरा यस बैङ्कमा न्युनतम रकम बिना नै बचत खाता खोल्न सकिन्छ । तर अरू बैङ्कहरूमा बचत खाता खोल्नका लागि सुरुमा नै न्युनतम रकमको आवश्यक पर्छ अनि मात्र बचत खाता खोल्न सकिन्छ ।

**चन्द्र** : धन्यवाद, सर, अँ....... तपाईंसँग एउटा प्रश्न थियो ?

**बैङ्क प्रमुख** : सोध्नुहोस् न ।

**चन्द्र** : मेरा साना भाइबहिनीहरू छन् । तिनीहरूका लागि पनि बचत खाता खोल्नु थियो ? के कागजपत्रहरू चाहिन्छ होला ?

**बैङ्क प्रमुख** : ए ! राम्रो विचार गर्नु भएछ । यसका लागि यदि १६ वर्षभन्दा मुनिका व्यक्तिहरू हुन् भने बुबा वा आमासँगै लिएर आउनु होला साथै जन्मदर्ता प्रमाणपत्र, फोटो, र बा अथवा आमाको नागरिकता पनि लिएर आउनुहोला ।

**चन्द्र** : धन्यवाद सर ।

**बैङ्क प्रमुख** : गाउँका अरूलाई पनि हाम्रो बैङ्कमा खाता खोल्न भन्नुस् है ।

३. अभिनय पछि सहजकर्ताले सबै सहभागीलाई आआफ्नो स्थानमा बस्न लगाउने र निम्न प्रश्नहरू सोधी छलफल गर्ने ।

क) बैङ्क खाता खोल्नका लागि के के कागजात आवश्यक पर्दो रहेछ ?

ख) जोडी सहभागीहरूलाई अभ्यास पुस्तिकाको टेबल नं ११.३.५ को वित्तीय सँस्थामा खाता खोल्नका लागि नमुना फाराम भर्ने अभ्यास गराउने ।


### सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू:

- यो क्रियाकलापको (टेबल नं ११.३.५) को खाता खोल्ने नमुना फाराम भर्ने अभ्यास गराउँदा स्थानीय स्तरमा भएका कुनै एउटा वित्तीय सँस्थाको खाता खोल्ने फाराम र हस्ताक्षर कार्ड प्रयोग गरेर पनि अभ्यास गराउन सकिन्छ। एकप्रति फाराम लिएर आई त्यसको फोटोकपी गरी काम चलाउन पनि सकिन्छ।

५ मिनेट

### सिकाइ मापन

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के भए ?
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरू मध्ये आउने ७ दिन भित्र के के गर्न सकिन्छ, लेख्न लगाउने ।



## ११.३.५ वित्तीय सँस्थामा खाता खोल्नका लागि नमुना फाराम

मिति | | | वर्ष | महिना | दिन

# खाता खोल्ने फाराम

ग्राहक परिचय नं. : ____________

खाता नं. | | | | | | | | | | | | | | |

श्रीमान् शाखा प्रबन्धकज्यू,

................................ शाखा

श्रीमान्,

म/हामी निम्नलिखित (आफूले खोल्न चाहेको खातामा चिन्ह लगाउनु होस्) खाता खोल्न चाहन्छु/चाहन्छौं । म/हामी यस खाताका सम्बन्धमा विभिन्न समयमा बैंकबाट लागू गरिएका नियमहरू तथा शर्तहरू पालना गर्न सहमत गर्दछु/गर्दछौं ।

**क. खाताको प्रकार**

☐ बचत खाता ☐ चल्ती खाता
☐ सेभिङ्ग प्रिमियम खाता ☐ मुद्दती खाता
☐ सुनौलो भविष्य बचत खाता ☐ अनफिक्स/फिक्स निक्षेप खाता
☐ अन्य ..................................

| | |
|---|---|
| रकमः | भुक्तानी मूल्यः |
| अवधिः | किस्ताः |
| व्याज जम्मा हुने खाता नं.: | |

**ख. खाता मुद्रा**

☐ ने.रू. ☐ विदेशी मुद्रा (उल्लेख गर्नुहोस्) ____________

**ग. पहिलो एकल खातावालाको नाम**

श्री/श्रीमती/सुश्री | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नाम बीचको नाम थर

**घ. संयुक्त खातावालाको नाम**

श्री/श्रीमती/सुश्री | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

श्री/श्रीमती/सुश्री | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नाम बीचको नाम थर

**ङ. खाता संचालनको तरिका**

☐ एकल ☐ संयुक्त ☐ हामीमध्ये कुनै एकको हस्ताक्षरबाट (व्यक्तिगत संयुक्त खाताको हकमा मात्र) ☐ विशेष निर्देशन

**च. इच्छाइएको व्यक्ति** ☐ छ ☐ छैन

इच्छाइएको व्यक्ति छ भने तल उल्लेखित विवरण भर्नुहोस् ।

मेरो असक्षमता अथवा मृत्यु भएको अवस्थामा मेरो खातामा भएको रकमको हकदार निम्नलिखित व्यक्ति हुनेछ ।

इच्छाइएको व्यक्तिको नाम : | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नागरिकता नं/जन्म दर्ता प्रमाण-पत्र (नाबालकको हकमा) : ____________ जारी भएको स्थान : ____________

ठेगानाः ____________

मसंगको सम्बन्धः ____________

**छ. एटिएम/डेबिट कार्ड**

म/हामी निम्नलिखित व्यक्तिहरूको नाममा एटिएम/डेबिट कार्ड खोल्न चाहन्छौं । म/हामीले एटिएम/डेबिट कार्डको प्रयोगका सम्बन्धमा लागू हुने शर्तहरू पढेका छौं ।

पहिलो कार्ड वाहकको नाम

दोस्रो कार्ड वाहकको नाम

तेस्रो कार्ड वाहकको नाम

**ज. एटिएम कार्ड/डेबिट कार्ड सुबिधाहरू आवश्यक पर्ने ग्राहकको खाता नम्बर**

(यस बैंकमा एकभन्दा बढी खाता हुने ग्राहकको लागि)

मुख्य खाता नम्बर

दोस्रो खाता नम्बर

तेस्रो खाता नम्बर

**झ. इन्टरनेट/एसएमएस बैंकिंग सुबिधा आवश्यक** ☐ छ ☐ छैन

म/हामीले त्यस बैंकको वेभसाइड मार्फत् इन्टरनेट/एसएमएस बैंकिङ् सुबिधा सम्बन्धी निर्देशिका अध्ययन गरी त्यस बैंकबाट मलाई/हामीलाई प्राप्त भएको इन्टरनेट बैंकिङ्/एसएमएस सुबिधाको प्रयोगको सम्बन्धमा लागू हुने शर्तहरू पालना गर्न मञ्जुर गर्दछु ।

मैले यस वित्तिय सँस्थामा खोल्न लागेको खाताका सम्बन्धमा लागू हुने खाता खोल्ने फर्ममा उल्लेखित नियमहरूको अध्ययन गरी उक्त नियममा उल्लेखित शर्त वन्देजहरू पालना गर्ने तथा मैले बैंकबाट प्राप्त गरेका सुविधाहरू सम्बन्धी नियममा समय-समयमा हुने संशोधन समेतको पालना गर्न म मञ्जुर गर्दछु । मलाई कुनै सूचना नदिई मैले प्राप्त गरिरहेको सेवाहरूलाई पूर्ण वा आंशिक रूपमा अन्त्य गर्ने अधिकार बैंकमा निहित रहेको छ भन्ने कुरा मलाई थाहा छ । मैले खाता संचालन गर्दा लाग्ने सेवा शुल्क तथा अन्य शुल्क समय-समयमा बैंकले निर्धारण गरे बमोजिम मेरो खाताबाट सोझै कटाई लिन अख्तियारी समेत प्रदान गर्दछु ।

ग्राहकको दस्तखत

**<u>विशेष निर्देशन:</u>** :मेरो/हाम्रो खाताहरू संचालनको लागि देहाय बमोजिमका दस्तखतहरू हुने छन्ः

**दस्तखतको नमूना**

| | |
|---|---|
| १. पूरा नामः | २. पूरा नामः |
| दस्तखत | दस्तखत |
| | |
| ३. पूरा नामः | ४. पूरा नामः |
| दस्तखत | दस्तखत |
| | |

विशेष निर्देशन, यदि भएमा ______________________

**तालिका नं. ११.३.२ (क)**

## बचत विकल्पहरूको तालिका

घरमा पैसा जम्मा गर्दा (खुत्रुकेमा बचत)

| मन पर्छ | मन पर्दैन | प्रश्नहरू |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

**तालिका नं. ११.३.२ (ख)**

## बचत विकल्पहरूको तालिका

(सहकारी सँस्थामा खाता खोली पैसा जम्मा गर्दा)

| मन पर्छ | मन पर्दैन | प्रश्नहरू |
|---|---|---|
| | | |
| | | |
| | | |

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

**तालिका नं. ११.३.२ (ग)**

## बचत विकल्पहरूको तालिका

(बैङ्कमा खाता खोली पैसा जम्मा गर्दा)

| मन पर्ने कुरा | मन नपर्ने कुरा | जान्न चाहेका थप प्रश्नहरू |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

**तालिका नं. ११.३.२ (घ)**

## बचत विकल्पहरूको तालिका

(बाल क्लबमा पैसा जम्मा गर्दा)

| मन पर्छ | मन पर्दैन | प्रश्नहरू |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

**पजल नम्बर ११.३.३ (क)**

## पजल खेल

**घरमा पैसा बचत गर्दा (खुत्रुकेमा बचत) सुरक्षित राख्ने ठाउँहरू**

(खेल खेलाउँदा नियमानुसार कागजका टुक्रामा तयार गरी काट्ने घेरा अनुसार काटी खेलपूर्व जोडी मिलाएर राख्ने ।)

**परिवारको विश्वासिलो व्यक्तिलाई पैसा राख्न दिने**

**पैसालाई गाग्रोभित्र राखी जमिनमुनि गाडेर सुरक्षित राख्ने**

**पैसालाई डसनामुनि लुकाएर सुरक्षित रूपमा जम्मा गर्ने**

**खुत्रुकेमा पैसा जम्मा गर्ने**

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

पजल नम्वर ११.३.३ (ख)

## पजल खेल

**सहकारीको बारेमा जानकारी**

(खेल खेलाउँदा नियमानुसार कागजका टुक्रामा तयार गरी काट्ने घेरा अनुसार काटी खेलपूर्व जोडी मिलाएर राख्ने ।)

एउटै समुदाय तथा क्षेत्रका मानिसहरूले मात्र पैसा जम्मा गर्छन् ।

सदस्यहरूले खातामा प्रत्येक महिना वा दैनिक पैसा जम्मा गर्छन् ।

जम्मा गरिएको पैसा आवश्यक परेको सदस्यलाई ऋणको रूपमा उपलब्ध गराउँदछन् ।

मुनाफा सबै सदस्यहरूमा बचत अनुसार बाँडफाँड गरिन्छ ।

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

चित्र नम्बर ११.३.३ (ग)

## पजल खेल

**बैङ्क सम्बन्धी जानकारी**

(खेल खेलाउँदा नियमानुसार कागजका टुक्रामा तयार गरी काट्ने घेरा अनुसार काटी खेलपूर्व जोडी मिलाएर राख्ने ।)

| | |
|---|---|
| राष्ट्र बैङ्कको नियम कानुन अनुसार बैङ्क सञ्चालन हुन्छ | बचत गर्ने र ऋण दिने सेवाहरू बाहेक अरू पनि सेवा र सुविधाहरू उपलब्ध हुन्छन् जस्तैः विदेशी मुद्रा साट्ने सुविधा |
| धेरै प्रकारका बचत विधिहरूबाट एउटा उपयुक्त रोज्न सकिन्छ । | सुरक्षित भवन तथा लकरमा पैसा राख्ने व्यवस्था भएको हुन्छ । |

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

**पजल नम्वर ११.३.३ घ**

## पजल खेल

**बालक्लबमा पैसा जम्मा गर्ने जानकारी**

(खेल खेलाउँदा नियमानुसार कागजका टुक्रामा तयार गरी काट्ने घेरा अनुसार काटी खेलपूर्व जोडी मिलाएर राख्ने ।)

**बालक्लबका सदस्यहरूले पैसा सङ्कलन गर्ने र झिक्ने नियम बनाउँछन् ।**

**सदस्यहरूले सामूहिक बचत गर्दछन् ।**

**बैङ्क वा सहकारीमा सदस्यहरूको एउटै खातामा रकम जम्मा गर्ने गर्दछन् ।**

**समूहका सबै सदस्यहरूलाई सामूहिक खातामा भएको रकमको जानकारी हुन्छ ।**

*Aflatoun-Aflateen Manual, www.aflatoun.org*

# पाठ्य सामग्री

आफ्नो खातामा पैसा जम्मा गर्ने र चाहिएको बेला त्यो पैसा सजिलै निकाल्न पाइने सुविधा भएको वित्तीय सँस्था नै बैङ्क हो । बैङ्कको प्रयोग सम्बन्धी विभिन्न गलत धारणाहरू पनि छन् । जस्तै; बैङ्कको प्रयोग गर्नलाई धनी हुनुपर्छ भन्ने ठान्नु, पैसा राख्नलाई बैङ्क एउटा सुरक्षित स्थान नहुन सक्छ भन्ने शङ्का हुनु, बैङ्कमा पैसा जम्मा गर्ने र पैसा झिक्ने प्रक्रिया लामो र झन्झटिलो हुन्छ जस्ता गलत मान्यताहरूलाई प्रस्ट पार्दै स्थानीय स्तरमा भएका वित्तीय सँस्थाहरूमा बचत गर्ने
बानीको विकास गर्नुपर्छ । घरबाट नै आफूसँग भएको पैसालाई खुत्रुकेमा बचत गर्ने बानीको विकास गर्नु पर्दछ । आफूसँग भएको पैसा मुख्यतयाः चार ठाउँमा बचत गर्न सकिन्छ । तीमध्ये सबैभन्दा विश्वासिलो स्थान कुन छ भन्ने ख्याल गर्नुपर्दछ । जुनसुकै ठाउँमा बचत गरिए पनि त्यसको उद्देश्य सुरक्षित तरिकाबाट पैसा बचाएर राख्ने हो । बचाएर राखेको पैसालाई निम्न तिन अवस्थामा प्रयोग गर्ने गरिन्छ :

१. आपत्कालीन अवस्थामा प्रयोगका लागि

२. भविष्यका अवसरहरूको सदुपयोगका लागि

३. आफ्नो इच्छा र आवश्यकताको परिपूर्तिका लागि

साधारणतयाः बचत गरिएको पैसालाई तल उल्लिखित चार ठाउँमा लगेर सुरक्षित रूपमा जम्मा गरिन्छ :

क. **बैङ्क** : यो सबभन्दा सुरक्षित बचत गर्ने ठाउँ हो । सरकारले बनाएको नियम तथा राष्ट्र बैङ्कको निगरानी अनुसार बैङ्क चल्दछ । यहाँ बचत गरिएको पैसाको निश्चित ब्याज प्राप्त हुन्छ ।

ख. **सहकारी सँस्था** : बैङ्कको जस्तो नै गुण हुने भए तापनि यो सँस्था सहकारी ऐन, नियम र सदस्यहरूद्वारा बनाइएको नियममा बाँधिएको हुन्छ । सहकारीमा सदस्यहरूको पहुँच हुन्छ ।

ग. **बालक्लब** : यसमा भएको नाफामा सबै सदस्य किशोरकिशोरीको बराबरी हक हुन्छ । किशोरकिशोरीको समूहबाट बनेको बालक्लबमा सदस्यहरूले नियमित बचत गरेको पैसालाई विश्वसनीय बैङ्कमा खाता खोली जम्मा गर्नुपर्दछ । यसको हिसाब किताब सबै सदस्यहरूलाई पनि थाहा हुनु पर्छ ।

घ. **खुत्रुके बचत** : यो खुत्रुकेमा गरिने बचत घरमा नै हुन्छ । यहाँ थोरै थोरै रकम जम्मा गरिँदै गइन्छ । खुत्रुकेमा धेरै रकम जम्मा भएमा सहकारी/बैङ्कमा लगेर बचत गर्दा धेरै सुरक्षित हुन्छ । घरको आकस्मिक आवश्यकता परिपूर्तिको लागि घरमा पनि केही बचत गरिरहनु पर्ने हुन्छ ।

## सहकारी के हो ?

बोलीचालीको भाषामा सबै मिलेर काम गर्नु सहकार्य हो । त्यसैलाई नै सहकारिताका आधारमा भएको सहकार्य हो भनेर बुझेको पाइन्छ । सबै मिलेर गरेको सबै कार्यलाई सहकारिताका आधारमा भएको सहकार्य भन्न मिल्दैन । सहकारी हुनलाई सहकार्यमा सबैको उद्देश्य एक हुनु पर्छ । तर एउटै उद्देश्य भन्दैमा फरक उद्देश्य वा राजनैतिक इच्छा पूर्तिका लागि सहकारी गठन गरेर सहकारी सँस्थालाई राजनैतिक मञ्चको रूपमा उपयोग गर्ने कार्य सहकारीको सिद्धान्तमा पर्दैन । यसैगरी एउटा व्यापारी र एउटा किसानको बिच पनि एउटै उद्देश्य नहुन सक्छ । सहकारितामा पेसागत समानता, पूँजीगत समानता, सोचाइ र दृष्टिकोणमा समानता जस्ता पक्षहरू महत्त्वपूर्ण मानिन्छन् । एउटै तह, पेसा, क्षेत्रका नागरिकहरूले आफूहरूको बचत साथै आइपर्ने गर्जो टार्न गरिएको वित्तीय सहकार्य सहकारिता हो । यसले आफ्ना सबै सदस्यको आर्थिक विकाससँगै सामाजिक एकताका लागि समेत सहयोग गर्दछ । कस्तो सहकार्य सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्म अनुरूपको सहकारी हुन सक्छ भनी स्पष्ट हुन निम्न पक्षहरूको अध्ययन गर्नु जरुरी हुन्छ :

- सहकारितामा एउटा स्वायत्त सँस्थाका माध्यमद्वारा सहकार्य गरिन्छ ।
- त्यस्तो सँस्था समान अवस्था, आवश्यकता र उद्देश्य भएका व्यक्तिहरू मिलेर गठन गरिन्छ ।
- सँस्थाको सदस्य बन्ने नबन्ने व्यक्तिको आफ्नो इच्छामा निर्भर रहन्छ । कसैले कर गरेर सदस्य

बन्नु पर्ने बाध्यता हुँदैन ।

- यसको स्वामित्व सामूहिक हुन्छ । कुनै एउटा व्यक्तिको मात्र स्वामित्व हुँदैन । अर्थात् सबै सेयर सदस्य सँस्थाका समान दर्जाका मालिक हुन्छन् । कसैले बढी पैसा हालेर सहकारी आफ्नो बनाउन सक्दैन । यो जहिले पनि सामूहिक नेतृत्व, सामूहिक निर्णय र सामूहिक उद्देश्यमा चलेको हुन्छ ।
- सदस्य बन्न निश्चित रकम सेयरका रूपमा तिर्नु पर्छ र निश्चित जिम्मेवारी बहन गर्नुपर्छ ।
- सँस्था सरकारले वा अरू कसैले सञ्चालन गरिदिँदैनन्, सदस्यहरू स्वयम्ले सञ्चालन गर्छन् ।

## सहकारीमा व्यवस्थापन सम्बन्धी कार्य प्रणाली

सहकारीमा स्वजिम्मेवारीको व्यवस्था गरिएको हुन्छ । स्वतन्त्रता र स्वायत्तताको सिद्धान्तलाई सहकारी ऐन, २०४८ ले अङ्गीकार गरी सोही ऐनको दफा ७ मा सहकारी सँस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित सँस्था हुने, छुट्टै छाप हुने, व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न आफ्नो नामबाट नालिस उजुर गर्न र सँस्था उपर अरूले नालिस उजुर दिन सक्ने भन्ने उल्लेख छ । सङ्क्षेपमा भन्नुपर्दा सहकारी सँस्था एउटा प्राकृतिक व्यक्ति सरहको अधिकारयुक्त कानुनी व्यक्ति हो ।)

*सन्दर्भ सामग्री : http://www.deoc.gov.np/downloadfile/Sachetana_2069_1355909940.pdf*

सहयोग :

वि. सं. २०७१ (सन् २०१४)